सार्वजनिक सेवालाई प्रभावकारी बनाइनुपर्छः सभापति देउवा | पृष्ठ ५ मा



जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

वर्ष २७ •अंक १०८ • २०८२ साल भाद्र २० गते शुक्रबार (5 September, Friday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-


## सरकारले जारी गरेको सूचनाबाट स्थानीय वञ्चित

# कांग्रेसले भूमिहीन, सुकुम्बासीका लागि स्थानीय तहसम्म अभियान चलाउने



**टुडे समाचारदाता**

जनकपुरधाम । भूमिहीन, सुकुम्बासी, अव्यवस्थित बसोबासी, दलित र गरिबलगायतका अहिलेसम्म सूचीकृतका लागि सरकारले जारी गरेको सूचनाबारे अनभिज्ञताप्रति नेपाली कांग्रेस मधेश प्रदेश समितिले चिन्ता व्यक्त गरेको छ।

जनकपुरधाममा बिहीबार नेपाली कांग्रेस मधेश प्रदेश समितिको कार्यालयमा बसेको बैठकबाट सो चिन्ता व्यक्त गर्दै नेपाल सरकारले गठन गरेको भूमि आयोगले जारी गरेको सूचनाबारे भूमिहीन, सुकुम्बासी, अव्यवस्थित बसोबासी, दलित र गरिबलगायतका सरोकारवाललाई जानकारीका लागि अभियान सञ्चालन गर्ने निर्णय गरिएको कांग्रेस मधेश प्रदेशका महामन्त्री बृहस्पति कृष्ण श्रेष्ठले जानकारी दिए।

सरकारले जारी गरेको सुकुम्बासीलगायतको सूचनाबारे मधेश प्रदेशका ९० वटा स्थानीय तहलाई अझैसम्म पनि जानकारी नहुँदा बैठकमा सहभागी भएकाहरुले आश्चर्य व्यक्त गर्दै सरकारी संयन्त्रको सूचनाप्रति टिप्पणीसमेत गरेका थिए।

महामन्त्री श्रष्ठले भने, 'मधेश प्रदेशमा सबैभन्दा बढी जनसंख्या भएको ठाउँमा सबैभन्दा बढी सुकुम्बासी, भूमिहीन, अव्यवस्थित बसोबास, दलित र गरिबलगायतका छन्, जोसंग आफ्नो भन्ने जग्गा जमिन नै छैन। तर यहाँका ९० वटा स्थानीय तहका जनप्रतिनिधिलाई पनि सो सूचना जानकारी छैन। त्यही भएर हामीले हरेक वडामा नेता, जनप्रतिनिधिमार्फत हरेक माध्यमबाट कसैलाई पनि कुनै पनि बहानामा भूमि अधिकारबाट वञ्चित नहुने गरी सबैलाई समेट्नका लागि अभियान सञ्चालन गर्ने निर्णय गरेका छौं।' सो अभियान बैठक सम्पन्न भएदेखि नै सञ्चालन गरिएको महामन्त्री श्रेष्ठले बताए।

अव्यवस्थित बसोबास भूमिहीनका लागि भूमि सुकुम्बासीका लागि ३५ दिने सूचना लागि यस पटक सार्वजनिक गरिएको सूचना अन्तिम पटक रहेकाले कुनै पनि सुकुम्बासी, भूमिहीन, गरिब, दलित र अव्यवस्थितहरुका लागि अवसरको रुपमा रहेकाले सक्रियता साथ अभियान सञ्चालन गरी सबैलाई वडादेखि टोलतहसम्ममा पुगेर जानकारीसंगै सहयोग गर्न पनि आग्रह गरेको उनको भनाइ छ।

अहिले भूमिहीन, सुकुम्बासी र अव्यवस्थित बसोबासका नाममा वनजंगल उजाड गर्ने प्रचलन बढ्दै गएकाले यस समस्याको तत्काल समाधान गरी वन जंगल अतिक्रमण रोक्नुपर्नेमा उनले जोड दिए।

उनले जनप्रतिनिधिहरुले पनि हरेक माध्यमबाट गरिब, दलितलाई पनि भूमि पाउने अधिकारबाट वञ्चित नहुने गरी सबैलाई समेट्नका लागि अभियान सञ्चालन गरिएको प्रस्ट्याए।

उक्त बैठकबाट पार्टीलाई थप प्रभावकारीतासहितको सक्रियता बनाउने विषयमा पनि गम्भीर छलफल भएको जनाइएको छ।

नेपाली कांग्रेस मधेश प्रदेशको ८ वटै जिल्लाका सभापति, क्षेत्रीय सभापति, र प्रदेशका पदाधिकारीहरुको संयुक्त बैठकबाट १५ औं महाधिवेशनका लागि असोज मसान्तसम्ममा नवीकरण गर्न र गराउनका लागि सूचीकृत गर्न निर्देशन दिएको महामन्त्री श्रेष्ठले बताए। समयमा सूचीकृत नभएमा केन्द्रीय महाधिवेशनबाट वञ्चित हुने भएकाले सबैलाई अवसर दिइ समेट्नका लागि तल्लो तहका कमिटीलाई सक्रियतासाथ सदस्यता नवीकरण गर्नका लागि निर्देशन दिएको उनले स्पष्ट पारे।

महामन्त्री श्रेष्ठले भने, 'मधेश प्रदेशको ३२ वटै निर्वाचन क्षेत्रका क्षेत्रीय सभापतिलाई सदस्यता नवीकरणको अवसरबाट कसैलाई वञ्चित नगर्ने निर्णय गरिएको छ। यदी नवीकरण हुन नसकेमा पछि समय थपको माग गर्दै कार्तिक मसान्तसम्मका लागि माग गर्ने निर्णय गरिएको छ।'

पार्टीको मधेश प्रदेश सभापति कृष्णकुमार यादवको सभापतित्व भएको सो बैठकमा पार्टी र संगठनलाई थप क्रियाशील बनाउनका लागि जिल्ला सभापति, क्षेत्रीय सभापतिलगायतकालाई निर्देशन दिएका छन्।


पहिलोपटक मधेश प्रदेशमा मधेश प्रदेश पार्टीका पदाधिकारीहरु, जिल्ला सभापति र क्षेत्रीय सभापतिहरुको संयुक्त बैठकबाट पार्टी र संगठनको गतिविधिलाई जनतासम्म पुऱ्याउनका लागि हरेक कमिटीलाई चुस्तदुरुस्त राख्नुपर्नेमा सभापति यादवले जोड दिए।

सो बैठकमा उपसभापति चन्द्रशेखर यादव, महामन्त्री श्रेष्ठ, सहमहामन्त्री जयनारायण यादव, श्रम तथा यातायातमन्त्रीसमेत रहेका क्षेत्रीय सभापति कौशलकिशोर राय, नेपाली कांग्रेस मधेश प्रदेशका संसदीय दलका प्रमुख सचेतक कुमरकान्त झा, लहान नगरपालिकाका मेयरसमेत रहेका क्षेत्रीय सभापति महेश चौधरी, धनुषाका सभापति योगेन्द्र पँजियार, ८ वटै जिल्लाका सभापति, ३२ वटै निर्वाचन क्षेत्रका क्षेत्रीय सभापतिलगायतकाहरुको समेत सहभागिता रहेको थियो।







# रेडक्रसको ६३ औँ स्थापना दिवस सम्पन्न



**टुडे समाचारदाता**

रौतहट । नेपाल रेडक्रस सोसाइटीको ६३ औँ स्थापना र रौतहट जिल्ला शाखाको ५५ औँ स्थापना दिवस मनाएको छ।

सो अवसरमा रेडक्रस जिल्ला शाखाको आयोजना एवम् नेरेसो महादेवपट्टी उपशाखाको व्यवस्थापनमा वृक्षारोपण, सरसफाइ सम्पन्न भएका छन्। सो कार्यक्रममा रेडक्रसको पहिचान र सेवामुलक संस्था रहेको सयम समयमा बाढी पिडित आगलगी भएको बेलामा रेडक्रसले आफना सामग्री मार्फत सहयोग गर्दै आईरहेको उप सभापति अनिरुद्ध महतोले बताए।

त्यस्तै नेपाल रेडक्रस सोसाइटी रौतहट शाखाका मन्त्री धर्मेन्द्र सिंहले रेडक्रसको जन्मदाता जाँ हेनरी डिनाले सेवा र उक्त शाखाले आफनो घरबनाउन र एम्बुलेन्स भारतीय दुतावास मार्फत माँग गर्ने गरेका बारेमा प्रकाश परे।

सो अन्तरक्रिया कार्यक्रम जिल्ला कार्य समितिका उपसभापति अनिरूद्ध महतोको अध्यक्षतामा सम्पन्न भएको छ। कार्यक्रममा स्वागत मन्तव्य माहदेवपट्टि उपशाखा सभापति श्री हेमन्त यादव,रेडक्रस अभियान, नेपाल रेडक्रस सोसाइटी, रेडक्रसको उद्देश्य, कार्यको बारे सहजीकरण मन्त्री धर्मेन्द्र प्रसाद सिहले र सहभागीहरूले उठाएको जिज्ञासा एवम् अन्तरक्रिया कार्यक्रमको सहजीकरण महिला उपसभापति निलु झाले र कार्यक्रमको संचालन जिल्ला कार्य समिति सदस्य एवम् जिल्ला रक्त संचालन सेवा समिति संयोजक संजय यादवले गरे।

# 'नेपालमा ३० करोड जनतालाई पुग्ने अन्न उत्पादन सम्भव छ'

बनियानी। नेपाली कांग्रेस नेता डा शशाङ्क कोइरालाले नेपालमा १७ लाख हेक्टर खेतीयोग्य जमिनबाट ३० करोड जनतालाई पुग्ने अन्न उत्पादन हुन सक्ने बताउनुभएको छ।

नेपाली कांग्रेस आपूर्ति तथा उपभोक्ता विभागको आयोजनामा बुधबार बिर्तामोडमा आयोजित 'दैनिक उपभोग्य वस्तुको सुनिश्चितता, उपभोक्ताको अधिकार हाम्रो चासो' विषयक अन्तरसंवाद कार्यक्रम उहाँले नेपालमा खेतीयोग्य जमिनको आधारमा ३० करोड जनसङ्ख्यालाई पुग्ने खाद्यान्न उत्पादन गर्ने सामर्थ्य नेपालसँग रहेको बताउनुभएको हो।

नेता डा कोइरालाले उत्पादन क्षमतामा ह्रास आउँदा व्यापार घाटा बढेको भन्दै कृषि क्षेत्रमा युवाको आकर्षण बढाउन विशेष सरकारी योजना आवश्यक रहेको बताउनुभयो । उहाँले देश विकासको आधार नै कृषि भएको धारणा राख्नुभयो ।

एक अर्को प्रसंगमा नेता कोइरालाले लोकतान्त्रिक पद्धतिमा पार्टी सञ्चालन 'चेन अफ कमान्ड'बाट हुनुपर्नेमा जोड दिँदै निर्वाचित सभापतिले सबै कार्यकर्तासँग समान व्यवहार गर्नुपर्ने धारणा राख्नुभयो।

कांग्रेस सहमहामन्त्री भीष्मराज आङ्देम्बेले उपभोक्ताका आवाज सङ्कलन गरी सरकारसम्म पुऱ्याइने बताउनुभयो । पार्टीको महाधिवेशन २०८३ मङ्सिरभित्रै हुने र त्यसका लागि समयमै क्रियाशील सदस्यता नवीकरण सक्न उहाँले आग्रह गर्नुभयो।

ऊर्जामन्त्री दीपक खड्काले अस्थिर सरकारका कारण अर्थतन्त्र कमजोर भएको उल्लेख गर्दै त्यसैले पनि कांग्रेस एमालेको संयुक्त सरकारको आवश्यकता भएको बताउनुभयो। कांग्रेस प्रचार विभाग प्रमुख मीन विश्वकर्माले उपभोक्ता, उत्पादक र बिक्रेताबीच सन्तुलन कायम गर्न राज्यको भूमिका महत्त्वपूर्ण रहेको बताउँदै खाद्य मिसावट, विषादी प्रयोग र नियमनकारी निकायको कमजोरीबारे चिन्ता व्यक्त गर्नुभयो।

केन्द्रीय सदस्य सरिता प्रसाईं, नेताहरू गोमा भट्टराई, उर्मिला थपलिया, प्रेमराज महर्जन, कांग्रेस झापा सभापति देउकुमार थेवेलगायतले सम्बोधन गर्नुभएको थियो।रासस

# बर्दिवासमा क्षयरोगी पहिचान

**टुडे समाचारदाता**

जलेश्वर।महोत्तरीको बर्दिबास नगरपालिकामा क्षयरोगीको पहिचान गरिएको छ।

बर्दिवास नगरपालिकाको विभिन्न वडामा क्षयरोग लागेका मानिसको पहिचान गरिएको छ। पहिचान गर्ने क्रममा नगरपालिकाका सबै जसो वडामा क्षयरोगका बिरामी भेटिएका छन्। त्यसमध्ये वडा नं. ८ हात्तीलेट क्षेत्रमा क्षयरोगका बिरामीको संख्या अधिक पाइएको छ। सन् २०५० सम्म नेपाललाई क्षयरोगमुक्त राष्ट्र बनाउने अभियान अन्तर्गत अहिले गाउँ गाउँमा पुगेर क्षयरोग लागेका मानिसको पहिचान गरेर औषधि खुवाउने कार्य भइरहेको छ।



नगर स्वास्थ्य शाखाले जनाए अनुसार २०८१ साउनदेखि २०८२ साउनसम्मको अवधिमा बर्दीबास नगरपालिकाको १४ वटै वडामा गरी १४५ जना क्षयरोगी पहिचान गरिएको छ। यसमध्ये वडा नं. ८ हात्तीलेट क्षेत्रमा एकपछि अर्को २२ जना क्षयरोगी फेला परेपछि क्षयरोगमुक्त राष्ट्र बनाउने अभियानमा चुनौती थपेको थियो। क्षयरोगीको अधिक चाप रहेको हात्तीलेट स्वास्थ्य चौकीमा बागमती सेवा समाजको आयोजना र महोत्तरी क्षयरोग टिमको सहयोगमा विशेष स्वास्थ्य शिविरको आयोजना गरिएको थियो।

यसैबीच बर्दिवास नगरपालिका वडा नं. ७ र ११ मा क्षयरोगका कारण तीन जनाको मृत्युसमेत भइसकेको पाइएको छ । नगर स्वास्थ्य शाखाका अधिकृत रामबाबु यादवका अनुसार मंगलबार साँझसम्म चलेको शिविरमा अत्याधुनिक प्रविधिबाट १२३ जना गाउँलेको सामूहिक स्क्रिनिङ गरिएको थियो। स्क्रिनिङ गराएकामध्ये २८ जनामा क्षयरोग लागेको आशंका गरिएको यादवले जानकारी दिए। वडाध्यक्ष शमशेरसिंह लामाले क्षयरोगीको यो प्रतिशत भयावह भएको बताए।

वडाध्यक्ष लामाका अनुसार हात्तीलेट क्षेत्रमा करिब एक हजार चार सय परिवारको बसोबास छ। यसमध्ये दलित विपन्नको संख्या उल्लेख्य छ । यहाँ क्षयरोगका कालाजार बिरामी बढी देखिएको छ।

शिविरको रिपोर्टमा पनि शंकास्पद २८ क्षयरोगीमध्ये जनजाति र दलित समुदायको संख्या २४ जना देखिएको छ। शंकास्पद सबै बिरामीको खकार संकलन गरेर परीक्षणका लागि प्राथमिक स्वास्थ्य केन्द्र गौशाला पठाइएको नगर स्वास्थ्य अधिकृत यादवले बताए।

# मानव बेचबिखन तथा ओसारपसारका घट्ना बढ्दै

काठमाण्डु । मानव बेचबिखन तथा ओसारपसारका घटना बढ्दै गएका छन्। महिला, बालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका अनुसार आर्थिक वर्ष २०८१/८२ मा नेपाल प्रहरीले १२७ जना पीडित/प्रभावितलाई विदेश र स्वदेशका विभिन्न स्थानवाट उद्धार गरेको छ।

दशवटा जिल्लामा रहेका पुनर्स्थापना केन्द्रहरूमार्फत ७५८ र सोही जिल्लाका विभिन्न सङ्घसंस्थामार्फत दुई हजार ७३२ जना गरी जम्मा तीन हजार ४९० जना पीडित/प्रभावितको उद्धार र पुनःस्थापना गरिएको मन्त्रालयले बुधबार सार्वजनिक गरेको 'मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय प्रतिवेदन २०८१' मा उल्लेख छ।

यसैगरी, नेपाल-भारत सीमा नाकालगायत विभिन्न स्थानमा रहेका सङ्घसंस्थाका सूचना केन्द्रहरूले सीमा सुरक्षा तथा चेक प्वाइन्टमा कार्यरत नेपाल प्रहरी, सशस्त्र प्रहरी बललगायतका निकायको सहयोगमा दुई हजार ७६६ जना (६४ दशमलव तीन प्रतिशत) महिला, एक हजार ४३६ जना (३३ दशमलव चार प्रतिशत) बालिका, १५ जना (शून्य दशमलव चार प्रतिशत) पुरुष र ८३ जना (एक दशमलव नौ प्रतिशत) बालक गरी जम्मा चार हजार ३०० जनालाई मानव बेचबिखन तथा ओसार पसारका लागि जोखिम भनी प्रारम्भिक पहिचान गरी उद्धार र फिर्ता गरिएको मन्त्रालयले जनाएको छ।



ती सूचना केन्द्रहरूले कुल ७७ हजार ५०० जनालाई मानव बेचबिखन र मानव तस्करीका विरुद्धमा परामर्श सेवा प्रदान गरेको मन्त्रालयका प्रवक्ता चक्रबहादुर बुढाले जानकारी दिनुभयो।

यसैगरी, गत आर्थिक वर्षमा १७ जना बालिका बेचबिखनमा र ४६ जना बालिका अपरहणमा परेका, देशभर छ हजार ५९० जना बालबालिका (बालिका ७२ प्रतिशत र बालक २८ प्रतिशत) हराएकामा नेपाल प्रहरी, बालबालिका खोजतलास केन्द्र र बाल हेल्पलाइन समेतको सहयोग र समन्वयमा खोजतलास गरी पाँच दशमलव ८३१ लाई फेला पारी पारिवारिक पुनर्मिलन गरिएको छ।

प्रवक्ता बुढाले मानव बेचबिखनविरुद्धको राष्ट्रिय नीति तथा राष्ट्रिय कार्ययोजनाको मस्यौदा निर्माण गरी सङ्घ, प्रदेश र स्थानीय तहमा सरोकार भएका निकाय, नागरिक समाजका सङ्घ संस्था तथा पीडित/प्रभावितहरूसँग छलफलका आधारमा परिमार्जन गरी अन्तिम रूप दिने प्रयास भएका जनाउनुभएको छ।

समुदाय-प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत मन्त्रालयले ७५३ वटै स्थानीय तहमा करिब २४ हजार साझेदारी समितिहरू गठन भई महिला हिंसा, लागूऔषध, साइबर अपराध, विपद्लगायत सवारी दुर्घटना न्यूनीकरणका साथै जबर्जस्ती करणी, मानव बेचबिखन, आत्महत्या, बालविवाह, बहुविवाह, दाइजो प्रथाविरुद्ध जनसमुदायमा सचेतना अभिवृद्धि गरेको छ। यस्तै, विद्यालय सम्पर्क कार्यक्रम, सामाजिक अपराध न्यूनीकरण, समुदाय र प्रहरीबीच खेलकुद कार्यक्रम, आगलागी न्यूनीकरणलगायत कार्यक्रम रूपमा सञ्चालनमा रहेका मन्त्रालयले जनाएको छ।रासस

# व्यवसायिक व्यवस्थापन र आर्थिक पारदर्शिता अनिवार्यः मन्त्री खड्का


पाटन । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दिपक खड्काले लघु तथा साना जलविद्युत्लाई दीर्घकालीन रूपमा टिकाइ राख्न व्यवसायिक व्यवस्थापन र आर्थिक पारदर्शिता अनिवार्य रहेको बताउनुभएको छ।

राष्ट्रिय लघु तथा साना जलविद्युत् उपभोक्ता समाज नेपालको विहिबार ललितपुरमा आयोजित आठौँ वार्षिक साधारणसभाको उद्घाटन गर्दै मन्त्री खड्काले अप्ठेरा भूगोलमा विद्युत् पुर्याउनाले सामाजिक, आर्थिक रुपान्तरणमा ठूलो योगदान पुऱ्याएको उल्लेख गर्दै रोजगारी सृजना हुने र जनताले स्मरण गर्न सक्नेगरी काम हुन सकोस् भन्नेमा जोड दिनुभयो।

"देशका कुना-कन्दरासम्म, अप्ठेरा र दुर्गम भूगोलमा बिजुली पुर्याउने काम असाधारण उपलब्धि हो, यसका लागि यस समाजले खेलेको भूमिका र गतिविधि प्रशंसा योग्य छन्, हाल देशभर करिब दुई हजार सङ्घसंस्था तथा व्यक्ति संलग्न रही ४० मेगावाटभन्दा बढी लघु तथा साना जलविद्युत् परियोजनाबाट विद्युत् उत्पादन भइरहेको अवस्था छ, यो सराहनीय काम हो," उहाँले भन्नुभयो।

मन्त्री खड्काले जनताले आफ्नै सहभागितामा विद्युत् व्यवस्थापन गरेर अन्धकार हटाएको कार्य प्रशंसनीय रहेको भन्दै उपभोक्ता र समाजको योगदानलाई सम्मान गर्दै सरकारले निरन्तर सहयोग गर्दै आएको बताउनुभयो। उहाँले लघु तथा साना जलविद्युत्लाई अझ व्यवसायिक ढङ्गले अघि बढाउन जरुरी रहेकामा जोड दिनुभयो।

"लघु तथा साना जलविद्युत्लाई दिइएको ऋणलाई अनुदानजस्तो ठानेर वितरण गर्दा आर्थिक अनुशासनमा समस्या आउँछ, त्यसैले संस्थालाई व्यावसायिक मोडेलमा अघि बढाउन जरुरी छ, ऊर्जा क्षेत्रमा पछिल्ला वर्षमा नीतिगत सुधार भएका कारण दीगो र पारदर्शी प्रणालीतर्फ सरकार अघि बढिरहेको छ, सुशासन कायम गर्न सरकारले आक्रमक रूपमा काम गरिरहेको छ", मन्त्री खड्काले भन्नुभयो।



सरकारले राष्ट्रिय प्रसारण ग्रीडलाई प्रत्येक स्थानीय तहसम्म पुर्याउने अभियानलाई प्राथमिकताका साथ अघि बढाइरहेको स्मरण गर्दै मन्त्री खड्काले २८ हजार ५०० मेगावाट विद्युत् उत्पादन गर्ने दीर्घकालीन लक्ष्य निर्धारण गरिएको तथा त्यसतर्फ सरकार तीव्र गतिमा अघि बढिरहेको जानकारी दिनुभयो।

परिवर्तन गाउँपालिका रोल्पाका अध्यक्ष सुकबहादुर बुढा मगरले सङ्घीय सरकारले सङ्घीयतासँग जोडिएका धेरै कानुन नबनाएको कारण स्थानीय तहका एकल अधिकारका कानुन निर्माण गर्न समस्या रहेको भन्दै स्थानीय तहमा भइरहेका लघु तथा साना जलविद्युत्का सन्दर्भ छलफल र बहसकै माध्यमबाट निष्कर्षमा पुगेर काम गर्नुपर्ने अवस्था रहेको बताउनुभयो। उहाँले लघु तथा साना जलविद्युत्मा उपभोक्ता र राज्यको ठूलो लगानी रहेको भन्दै यसलाई दिगो व्यवस्थापन गर्ने कुरामा स्थानीय तहले ध्यान दिने बताउनुभयो।

राष्ट्रिय लघु तथा साना जलविद्युत् उपभोक्ता समाज नेपालका सल्लाहकार डिल्ली घिमिरेले लघु जलविद्युत्का क्षेत्रलाई उकास्न सामुहिक आवाज र प्रयास आवश्यक रहेको बताउनुभयो। उहाँले लघु जलविद्युत्मा ६० प्रतिशतभन्दा बढि लगानी समुदायको रहेको भन्दै यसलाई संरक्षण र उपयोगमा जोड दिनुभयो।

सामुदायिक विद्युत् उपभोक्ता राष्ट्रिय महासङ्घ नेपालका अध्यक्ष नारायण ज्ञवालीले लघु जलविद्युत् गाउँगाउँमा सञ्चालन भएर सबैका घरघरमा विद्युत् पुग्न सफल भएको भन्दै सबैको योगदानका कारण ९८ प्रतिशत घरमा विद्युतीकरण हुन सफल भएको बताउनुभयो। उहाँले दुःखको बेलाका सञ्चालन भएका साना जलविद्युत्लाई जोगाउन र टिकाउन सरकारले नीतिगत रूपमा सम्बोधन गर्नुपर्नेमा जोड दिनुभयो।

ऊर्जा र वातावरणका लागि महिला सञ्जालका अध्यक्ष कला तिमल्सिनाले लघु जलविद्युत् आयोजना र उपभोक्ताका समस्याका विषयमा निरन्तर बहस, छलफल तथा पैरवी चलाउन आग्रह रहेको बताउनुभयो। उहाँले बालबालिकाको हेरचाह गर्दागर्दै पनि लघु जलविद्युत्मा श्रमदान गरेका महिलालाई उपभोक्ता संस्थाको सञ्चालन तथा व्यवस्थापन समितिमा प्रतिनिधित्व गराइनुपर्नेमा जोड दिनुभयो।

ाष्ट्रिय लघु तथा साना जलविद्युत् उपभोक्ता समाज नेपालका अध्यक्ष नारायणध्वज खड्काले संस्थाको वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै आगामी वर्ष लघु तथा साना जलविद्युत् उपभोक्ता संस्थाको हितका लागि सञ्चालन गर्ने कार्यक्रमको बारेमा जानकारी गराउनुभयो। देशभरि रहेका लघु जलविद्युत् संस्थाले उत्पादन गरेको विद्युत् ७० प्रतिशत जति खेर गइरहेको छ भन्दै उहाँले खेर गएको विद्युत्लाई सदुपयोग गर्नका लागि विद्युत् प्राधिकरणको राष्ट्रिय प्रणालीमा जडान गर्न अवश्यक सहयोग तथा समन्वय गरिने बताउनुभयो । उहाँले उपभोक्ता संस्थाको संस्थागत विकास र दक्ष प्राविधिक तयार पार्नका लागि तालिम तथा क्षमता विकासका लागि उचित पहल गर्ने, लघु जलविद्युत्लाई हालसम्म सहयोग गर्दै आएका विकास साझेदार सङ्घ संस्थासँग समन्वयकारी भूमिकालाई अझ मझबुत बनाउँदै लैजाने संस्थाको कार्ययोजना रहेको धारणा राख्नुभयो।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका सदस्य मानबहादुर शाहीले स्थानीय उद्यमीको विकास र प्रवर्द्धनमा काम गरेको भन्दै वैकल्पिक ऊर्जाले स्थानीय तहमा समन्वय गर्न सक्ने उपयुक्त माध्यम लघु तथा साना जलविद्युत् उपभोक्ता हुन् भन्ने बताउनुभयो।रासस

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : आफन्तहरुसंग रमणीय भेटघाट हुनेछ। परिश्रमको कम लाभ प्राप्त हुनेछ।
वृष : विद्यार्थीका लागि अध्ययनमा रुचि बढ्नेछ।
मिथुन : दाम्पत्य जीवनमा वैचारिक एकतामा बाधा हुने समय छ।
कर्कट : व्यापार व्यवसायमा फल प्राप्तिको समय छ।
सिंह : वैदेशिक यात्राको योग देखिन्छ।
कन्या : वाणी प्रभाव बढ्ने छ। दिमागी कार्यमा वृद्धि र सफल हुने देखिन्छ।
तुला : ठुला र नवीन कार्यमा हात नहाल्नु राम्रो हुन्छ।
वृश्चिक : धार्मिक कार्यमा रुचि बढ्ने देखिन्छ। मित्रसंग वैचारिक एकताको समय छ।
धनु : प्रेम आकर्षणमा सफलता मिल्ने छ। राजनीतिक क्षेत्रमा दिन शुभ छ।
मकर : दाम्पत्य विचार राम्रो रहने छ।
कुम्भ: कार्यमा योग्यता अनुसारको सुविधा मिल्ने छ।
मीन : आफन्तबाट आफ्नो, दिएको धन आउने छ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

रत्न सागर मन्दिर
प्रत्येक दिन

बिहान ढोका खुल्ने समय : ५:०० बजे
बिहान पूजा आरती : ८:०० बजे
भोगराज लाग्ने समय : ११:३० बजे
निशुल्क अन्न क्षेत्र (दिउँसो) : १२:०० बजे
मन्दिर बन्द हुने समय : १२:०० बजे
खुल्ने समय (दिउँसो) : ४००: बजे
रात्री आरती पूजा हुने समय : ९:३० बजे
रात्री मन्दिर बन्द हुने समय : १०:०० बजे

जानकी मन्दिर
प्रत्येक दिन

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
बिहान पूजा आरती : ०७:०० बजे
बिहान ढोका बन्द : १२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय : ०४:०० बजे
सन्ध्या पूजा आरती:साँझ : ०७:३० बजे

राम मन्दिर
प्रत्येक दिन

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
मंगल आरती : ०७:३० बजे
महाप्रसाद भोग : १२:०० बजे
दिउँसो ढोका खुल्ने समय : ०३:३० बजे
सन्ध्या पूजा आरती साँझ : ०७:०० बजे
रात्रि भोग : ०९:०० बजे
पट बन्द : ०९:१५ बजे



अमेरिकी  सरकारको तर्फबाट नेपाली सेनालाई सहयोगस्वरूप प्रदान गरिएको स्काई ट्रक। दुईवटा ती स्काइ ट्रक विपत् र उद्धारका क्रममा सेवा दिन र एयर एम्बुलेन्सको रूपमा प्रयोग हुनेछ। *तस्बिरः रासस*

# उखु किसानले अनुदान रकम प्राप्त गर्न थाले

काठमाण्डु । सरकारले उखु किसानलाईउत्पादनप्रोत्साहनस्वरुप दिने अनुदानबापतको करिब रु ७५ करोड रकम निकासा गरेको छ । देशभरका १३ जिल्लाका किसानले चिनी उद्योगमा उपलब्ध गराएको करिब दुई करोड १६ लाख क्विन्टल उखु बराबरको सो रकम किसानलाई पठाइएको हो ।

किसानलाई चिनी उद्योगले प्रतिक्विन्टल रु ५८५ र सरकारले रु ३० अनुदान दिने व्यवस्थाअनुसार सो रकम उपलब्ध गराइएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सूचना अधिकारी महानन्द जोशीले जानकारी दिनुभयो । उहाँका अनुसार रकम जिल्लास्थित कोष तथा लेखा नियन्त्रकको कार्यालयमार्फत किसानको बैंक खातामा भुक्तानी हुने व्यवस्था गरिएको छ । मन्त्रालयबाट पठाइएको रकम कतिपय किसानले प्राप्त गरिसकेका उहाँले




जानकारी दिनुभयो । सरकारले अघिल्लो वर्ष प्रतिक्विन्टल रु ७० का दरले किसानलाई अनुदान रकम दिँदै आएको भए पनि बजेट अभावका कारण अनुदान रकम आधाले घटाएर प्रतिक्विन्टल रु ३५ कटौति गरेको थियो । सरकारले मन्त्रिपरिषद् बैठकबाट यसपटक उखु किसानलाई प्रतिक्विन्टल रु ३५ अनुदान उपलब्ध गराउने निर्णय गरेपछि प्राविधिक कारणले निकासामा ढिलाइ भएको थियो । किसानले रकम समयमै प्राप्त गर्न र उक्त प्रेत्साहन रकम कटौति नगर्न माग गर्दै आएका थिए ।

सुनसरी सिराहा, सर्लाही, महोत्तरी, रौतहट, बारा, नवलपरासीलगायत जिल्लामा व्यवसायिक उखुखेती हुने गर्दछ । सरकारले किसानहरूलाई प्रोत्साहित गरी उखु उत्पादन वृद्धि गर्न अनुदान रकमको व्यवस्था गरेको छ ।रासस

# निजी विद्यालयलाई गैरनाफामुखी बनाउने कुरा अमान्य : निजी विद्यालयका सञ्चालक




काठमाण्डु । विद्यालय शिक्षा विधेयकमा निजी क्षेत्रको लगानी सुनिश्चत हुने गरी बनाउनुपर्नेमा जोड दिइएको छ। शिक्षा पत्रकार सञ्जाल (इजोन)ले आयोजना गरेको विद्यालय शिक्षा विधेयकका समस्या र समाधानका उपाय विषयक अन्तरक्रिया कार्यक्रमा निजी विद्यालयका सञ्चालकले विधेयकमा गैरनाफामूलुक बनाउने कुरा अमान्य भएको जनाउँदै लगानी सुरक्षित गर्नुपर्नेमा जोड दिनुभयो ।

उच्च विद्यालय तथा माध्यामिक विद्यालय सङ्घ नेपालका (हिसान)का कार्यवाहक अध्यक्ष युवराज शर्माले सबैलाई सम्बोधन गर्ने खालको विधेयक नआउने भन्दै विधेयकलाई निजी शिक्षण संस्थालाई कमजोर बनाउने नहुने बताउनुभयो । उहाँले राज्यले निजी क्षेत्रलाई स्थान दिने देखिने पनि शिक्षा विधेयकले निजी लगानीका विद्यालयमा पनि असर गर्ने बताउनुभयो । विधेयकले सामुदायिक विद्यालयको शिक्षा गुणस्तर हुन्छ भन्नेमा शङ्का उत्पन्न भएको बताउनुभयो ।

उहाँले विधेयक शिक्षामा युगान्तकारी परिवर्तन खालको नभएको भन्दै अझ संशोधन गर्नुपर्ने बताउनुभयो । उहाँले पाठ् यक्रम सुधारका कुरा विधेयकमा राख्नुपर्नेमा जोड दिनुभयो । उहाँले निजी विद्यालयलाई अझ उत्तरदायी बनाउँदै निजी विद्यालयको लगानी सुनिश्चित गर्नुपर्ने बताउनुभयो । हिसानका कार्यवाहक अध्यक्ष शर्माले निजीले सामुदायिक विद्यालय व्यवस्थापन गर्ने कुरा विधेयकमा राख्नुपर्नेमा जोड दिनुभयो ।

निजी तथा आवासीय विद्यालय सङ्गठन (एनप्याब्सन)का अध्यक्ष कृष्ण अधिकारीले सरकारले शिक्षालाई धान्छ भने आफूहरुले अन्य व्यवसाय गर्ने बताउनुभयो । उहाँले विधेयकमा निजी क्षेत्रको लगानी सुनिश्चित नगरे विद्यालय बन्दसम्मको आन्दोलन गर्ने जानकारी दिनुभयो ।

राष्ट्रिय निजी तथा आवासीय विद्यालय सङ्गठन नेपाल (एनप्याब्सन)का अध्यक्ष सुवास न्यौपानेले विधेयकले शिक्षाको गुणस्तर सुधार्न ध्यान नदिएको बताउनुभयो । उहाँले अहिलेको २१औँ शताब्दिको शिक्षालाई मार्गदर्शन गर्न नसक्ने बताउनुभयो । "हामीले सबै पैतृक लगानी गरेर निजी विद्यालय बनाएका छौँ ।रासस

# झण्डोत्तोलन गर्दै मनाइयो नेपाल रेडक्रस स्थापना दिवस

काठमाण्डु । नेपाल रेडक्रस सोसाइटीको ६३औँ स्थापना दिवस विविध कार्यक्रम आयोजना गर्दै मनाइएको छ । नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय कार्यालयमा विहिबार आयोजित कार्यक्रममा नेपाल रेडक्रसका निमित्त कार्यकारी निर्देशक धर्मदत्त विडारी र रेडक्रसको अन्तरराष्ट्रिय समितिका नेपाल प्रमुख सन्देश श्रेष्ठले संयुक्त रूपमा रेडक्रसको झण्डोत्तोलन गर्नुभयो ।

सो अवसरमा निमित्त निर्देशक विडारीले नेपाल रेडक्रसको उन्नयनका लागि साथ र सहयोग गर्नुहुने सबैप्रति हार्दिक धन्यवादसहित नेपाल रेडक्रसको संस्थागत विकास तथा सेवामूलक गतिविधिमा सबैबाट निरन्तर सहयोग प्राप्त हुनेमा विश्वास व्यक्त गर्नुभयो । नेपाल रेडक्रसले गतवर्ष देशका विभिन्न स्थानमा आएको बाढीपहिरो, आगलागी र शीतलहरबाट प्रभावित ४ हजार ९०६ परिवारलाई नेपाल रेडक्रसले राहत सामग्री वितरण गरेको थियो । साथै, ५हजार ३३ परिवारलाई पूर्वानुमानमा आधारित पूर्वकार्य, पुनर्लाभ, प्रतिकार्य र जीविकोपार्जनका लागि कूल रु १२ करोड २४ लाख २० हजार नौ सय ४ रुपैयाँ बराबरको नगद



सहायता उपलब्ध गराइएको छ । आपत्कालीन परिस्थितिको तयारीस्वरूप, नेपाल रेडक्रसले हाल १ केन्द्रीय, ६ प्रदेशस्तरीय र ५ उपक्षत्रीय गोदामको साथै सबै जिल्ला शाखामा आवश्यक उद्धार तथा राहत सामग्रीको भण्डारणको व्यवस्था मिलाएको छ ।

सो अवसरमा नेपाल रेडक्रस सोसाइटीको मानवीय मूल्य तथा सञ्चार विभागका निर्देशक विपुल न्यौपानेले गत एक वर्षमा नेपाल रेडक्रस सोसाइटीले पुऱ्याएको सेवाका बारेमा जानकारी प्रस्तुत गर्नुभएको थियो । 'म सेवा गर्छु ' भन्ने मूलमन्त्र राखी नेपाल रेडक्रसले सरकारको सहयोगीको रूपमा रही सङ्गठन विकास, जुनियर तथा युवा विकास, विपद् तथा सङ्कट व्यवस्थापन, सामुदायिक विकास, लैङ्गिक तथा समावेशीकरण, मानवीय मूल्य तथा रेडक्रस सिद्धान्तको प्रवर्द्धन, स्वास्थ्य सेवा, रक्तसञ्चार सेवाजस्ता महत्वपूर्ण गतिविधि देशैभरी सञ्चालन गर्दै आएको छ ।

कार्यक्रममा आइसिआरसीका नेपाल कार्यालय प्रमुख सन्देश श्रेष्ठले विगतको द्वन्द्व, भूकम्प र कोभिड महामारीका बेला नेपाल रेड्क्रस सोसाइटीसँग मिलेर गरिएको सहकार्यको स्मरण गर्नुभयो । विदेशयात्रा, बसाइसराइँ र द्वन्द्वलगायतका कारण व्यक्ति बेपत्ता हुनेक्रम विश्वमा नै बढेकोले नेपालमा आइसिआरसीले नेपाल रेड्क्रससँग मिलेर बेपत्ता व्यक्तिको खोजीमा सहकार्य गरिरहेको जानकारी दिनुभयो । कार्यक्रममा रेडक्रसका युवाप्रतिनिधि सुरजकुमार सिंहले नेपाल रेडक्रसले युवाको नेतृत्व विकासका गतिविधि सञ्चालन गरी युवालाई सहभागी हुने अवसर दिँदै आएकोमा धन्यवाद व्यक्त गर्दै आगामी दिनमा पनि युवालाई स्थान दिइने अपेक्षा गरिएको बताउनुभयो ।

दिवसका अवसरमा नेपाल रेडक्रस सोसाइटी कर्मचारी कल्याण कोषद्वारा आयोजित कार्यक्रममा संस्थामा २५ वर्ष काम गरिसकेका कर्मचारीलाई सम्मान, कर्मचारीका छोराछोरीलाई प्रोत्साहनस्वरुप शैक्षिक सहयोग र प्रशंसापत्र वितरण गरिएको थियो ।

साथै विश्व रेडक्रस दिवसको अवसरमा आयोजना गरिएको फोटो तथा भिडियो प्रतियोगिताका विजयीलाई नगदसहित प्रमाणपत्र वितरण गरिएको थियो । दिवसकै अवसरमा विहिबार रेड्क्रसको केन्द्रीय कार्यालयमा रक्तदान कार्यक्रमको पनि आयोजना गरिएको थियो ।

कार्यक्रममा नेपाल रेड् क्रस सोसाइटी कर्मचारी कल्याण कोषका सभापति अमरमणी पौडेलले कोषमा रहेको रकमको उचित व्यवस्थापन गरिएको बताउनुभयो ।रासस

## नेतृत्व किसानको हितमा केन्द्रिकृत हुनुपर्छ : महामन्त्री थापा

पाटन । नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले नेपाल किसान महासङ्घको महाधिवेशनबाट चयन हुने नेतृत्व नेतामुखीभन्दा किसानको हितमा केन्द्रिकृत हुनुपर्ने बताउनुभएको छ ।

नेपाली कांग्रेसको भ्रातृसंस्था नेपाल किसान महासङ्घको विहिबार यहाँ आयोजित चौथो केन्द्रीय महाधिवेशनलाई सम्बोधन गर्दै महामन्त्री थापाले देशको कुनै पनि किसानले आफ्नो हितमा काम गर्ने किसान महासङ्घ छ भन्ने महसुस गराउन सक्ने नेतृत्व चयन हुनुपर्ने धारणा राख्नुभयो ।"नेपाल किसान महासङ्घले किसानको समस्या र मुद्दाको सही पैरवी गर्न सकोस्, चार अर्ब रुपैयाँभन्दा बढीको आयात गरेर  खान्छौं, हाम्रो उत्पादकत्व बढाउन किसान महासङ्घले पहल गरोस्", उहाँले भन्नुभयो ।

उहाँले किसानका समस्यामा सरकारमाथि निरन्तर दबाब सृजना गर्ने काम नेपाल किसान महासङ्घले गर्नुपर्नेमा जोड दिनुभयो । नेपाली कांग्रेसका प्रवक्ता एवं डा प्रकाशशरण महतले दुई तिहाइ किसान कृषि पेसामा आबद्ध हुँदा पनि देशको आम्दानीमा एक चौथाइ मात्रै उपलब्धि हासिल भएको बताउनुभयो । रासस

# नवनियुक्त प्रहरी महानिरीक्षक खापुङलाई दर्ज्यानी चिन्ह्



काठमाण्डु । नवनियुक्त प्रहरी महानिरीक्षक चन्द्रकुवेर खापुङले विहिबार दर्ज्यानी चिन्ह् लगाउनुभएको छ । सिंहदरबार स्थित गृह मन्त्रालयमा आयोजित समारोहबीच गृहसचिव गोकर्णमणि दुवाडीले उहाँलाई दर्ज्यानी चिन्ह लगाइदिनुभएको हो ।

सो अवसरमा गृहसचिव दुवाडीले सरकारले क्षमता, कार्यदक्षता, जेष्ठतालगायत आधारमा प्रहरीको सर्वोच्च पदमा खापुङलाई नियुक्त गरी जिम्मेवारी प्रदान गरेको बताउनुभयो । मुलुकमा शान्ति, सुव्यवस्था र सुशासन कायम गर्न, अपराध नियन्त्रण गर्न र सामाजिक न्याय कायम गर्न प्रहरीको अहम भूमिका रहेको उहाँले बताउनुभयो ।

"आम नागरिकलाई सुरक्षित छु भन्ने महसुश गराउनु नै हामी सबैको कर्तव्य हो । आम नागरिकको नजिक रहेर उनीहरुको सुखदुःखको साथी बन्न सक्नु प्रहरीको प्रभावकारीताको मापन पनि हो । नेपाल प्रहरीको साख अझ बढी राम्रो बनाउन सफल हुनुहोस", सचिव दुवाडीले भन्नुभयो, "सकल दर्जाका प्रहरी कर्मचारीको मनोबल उच्च बनाइ प्रहरी सङ्गठनको उद्देश्य पुरा गर्न सफल हुनेमा आशावादी छौं ।" समाजमा अपराधिक गतिविधि चुनौती बन्दै गएको उल्लेख गर्दै सचिव दुवाडीले भन्नुभयो, "अपराधका नयाँ नयाँ श्रृ‍ला बढिरहेका छन् । सबै अपराधका गतिविधि नियन्त्रण गरी समाजमा न्याय स्थापना गर्न जुरुरी छ ।" त्यसैगरी नवनियुक्त प्रहरी महानिरीक्षक खापुङले आफूले सकेको राम्रो गर्ने बताउनुभयो । "सकेको राम्रो गर्छु तर, नराम्रो गर्नेछैन", उहाँले भन्नुभयो, "सकल दर्जाको हित र संस्थागत सुधारलाई प्राथमिकतामा राखेको छु ।"

अपराध अनुसन्धानमा चुनौती रहेको उल्लेख गर्दै नवनियुक्त महानिरीक्षक खापुङले कृत्रिम बुद्धिमत्ता (एआई), साइबर अपराध, क्रिप्टोसम्बन्धी अपराधसहित अन्तरराष्ट्रियस्तरका अपराध नियन्त्रण गर्न प्रहरीको क्षमता विस्तार गर्नुपर्नेमा जोड दिनुभयो । तेह्रथुमको गाउँबाट सुरु भएको आफ्नो यात्रा प्रहरी महानिरीक्षकसम्म पुगेको स्मरण गर्दै उहाँले प्रहरीलाई प्रविधि र स्रोत-साधनले सम्पन्न बनाउन आवश्यक रहेको बताउनुभयो ।रासस

# सामूहिक भावना र भातृत्वभावका साथ जिम्मेवारी वहन गर्न निर्देशन

काठमाण्डु । नवनियुक्त प्रहरी महानिरीक्षक चन्द्रकुवेर खापुङले सामूहिक भावना र भातृत्वभावका साथ आ-आफ्नो जिम्मेवारी बहन गर्न मातहतका कर्मचारीलाई निर्देशन दिनुभएको छ ।

प्रहरी महानिरीक्षकको जिम्मेवारी सम्हालेपछि प्रहरी प्रधान कार्यालयमा विहिबार आयोजित समारोहमा उहाँले सङ्गठनको दीर्घकालीन श्रीवृद्धि, व्यावसायिकता र प्रतिष्ठाको प्रवर्द्धनका लागि सकारात्मक सोच, सक्रियता र उत्तरदायित्व बोध गरी खटिन निर्देशन दिनुभयो ।

प्रहरी महानिरीक्षक खापुङले फौजदारी न्याय प्रणालीको प्रमुख अङ्गका रूपमा प्रहरीले देशव्यापी सञ्जालमार्फतअपराधकोरोकथाम, नियन्त्रण र अनुसन्धानका साथै शान्ति सुरक्षा, ट्राफिक व्यवस्थापन, विपद् व्यवस्थापनलगायत कार्यमा राज्यको पहिलो प्रतिनिधिको रूपमा आफ्नो उपस्थिति देखाउनुपर्ने बताउनुभयो ।

उहाँले आमनागरिकको अपेक्षालाई शिष्ट आचरण एवम् व्यवहारका साथ सम्बोधन गर्दै आम नागरिकको हृदयमा आस्था, विश्वास र भरोसा कायम राख्ने गरी



कार्यसम्पादन गर्नुपर्नेमा जोड दिनुभयो।


प्रहरी महानिरीक्षक खापुङले राष्ट्र र नागरिक सेवामा आफ्नो निजी स्वार्थ तथा व्यक्तिगत लाभभन्दा माथि उठेर जिम्मेवारी निर्वाह गर्न निर्देशन दिँदै संगठनले निर्दिष्ट गरेको अनुशासन पालना र व्यावसायिक प्रहरी कर्मचारीको मर्यादाको सीमाभित्र रहेर आफ्नो जिम्मेवारी निर्वाह गर्न सचेत गराउनुभयो ।

समारोहमा प्रहरी अतिरिक्त महानिरीक्षक, प्रहरी नायव महानिरीक्षक, प्रहरी प्रधान कार्यालय तथा उपत्यकास्थित वरिष्ठ प्रहरी अधिकृत तथा जवानको उपस्थितिको साथै प्रदेश प्रहरी कार्यालयका प्रमुख, नेपाल प्रहरी प्रदेश कार्यालयका प्रमुख, शिक्षालयका प्राचार्यलगायत उपस्थिति हुनुहुन्थ्यो ।

यही भदौ १३ गतेको मन्त्रिपरिषद् बैठकले खापुङलाई प्रहरी सङ्गठनको ३२ औं महानिरीक्षक पदमा पदोन्नति गर्ने निर्णय गरेको थियो । विहिबार गृह मन्त्रालयमा आयोजित विशेष समारोहमा गृह सचिव गोकर्णमणि दुवाडीले महानिरीक्षक खापुङलाई दर्ज्यानी चिन्हबाट सुशोभित गर्नुभएको थियो ।

त े ह ् थ ु म क ा मेन्छयायेम गाउँपालिका-६ मा पिता ललितबहादुर र माता गङ्गामायाको परिवारमा २०२७ मङ्सिर २३ गते जन्मनुभएका प्रहरी महानिरीक्षक खापुङले २०५२ कात्तिक २७ गते प्रहरी निरीक्षक पदबाट नेपाल प्रहरी सेवा प्रारम्भ गर्नुभएको थियो । प्रहरी सेवामा साहसी प्रहरी अधिकृतको पहिचान बनाउनुभएका उहाँ २०६४ मा प्रहरी नायब उपरीक्षक, २०७३ मा प्रहरी उपरीक्षक, २०७७ मा प्रहरी वरिष्ठ उपरीक्षक, २०८० मा प्रहरी नायव महानिरीक्षक र २०८२ वैशाख ११ गते प्रहरी अतिरिक्त महानिरीक्षक पदमा पदोन्नति हुनुभएको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

लैङ्गिक अध्ययनमा स्नातकोत्तर गर्नुभएका प्रहरी महानिरीक्षक खापुङले उच्चस्तरीय राष्ट्रिय सुरक्षा तालिम, प्रोग्राम अन क्यापासिटी बिल्डिङ फर क्राइम प्रिभेन्सन् स्ट्राटेजी डेभलपमेन्ट, एसिया रिजन ल इन्फोर्समेन्ट मेनेजमेन्ट प्रोग्राम, अपराध अनुसन्धानलगायत विभिन्न १४ वटा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालिम हासिल गर्नुभएको छ ।रासस




**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

### हैजा संक्रमणको स्रोत र रोकथाममा देखिएको चुनौती

पर्साको वीरगञ्जमा केही साताअघि फैलिएको हैजा संक्रमणले जनजीवनमा त्रास उत्पन्न गराएको छ। यो संक्रमणले धेरै मानिसलाई बिरामी पार्नुका साथै केहीको अवस्था गम्भीर बनाएर मृत्युको कारण पनि बनेको आशंका गरिएको छ । यसले वीरगञ्जको स्वास्थ्य प्रणाली र खानेपानीको अवस्थालाई चुनौती दिएको छ। यो समस्याको गहिराइ बुझ्न र भविष्यमा यस्ता घटना दोहोरिन नदिनका लागि यसको विश्लेषण गर्नु आवश्यक छ । वीरगञ्जको नारायणी अस्पतालमा उपचाररत हैजाका बिरामीहरूमध्ये केहीको अवस्था अझै पनि गम्भीर रहेको छ । हैजा सामान्यतया झाडापखाला र निर्जलीकरण को कारण हुने गर्छ, तर यसले मिर्गौलाजस्ता महत्त्वपूर्ण अंगहरूमा गम्भीर असर पुऱ्याउन सक्छ। वीरगञ्जमा देखिएका बिरामीहरूमा पनि यही जटिलता देखिएको छ। झाडापखालाका कारण शरीरमा पानीको मात्रा कम भएपछि मिर्गौलाले काम गर्न छोडेको र उनीहरूको डायलाइसिस गर्नुपरेको छ। यो अवस्थाले हैजाको जोखिमलाई अझै बढाएको छ । यसले के देखाउँछ भने हैजाको संक्रमणलाई केवल सामान्य झाडापखालाको रूपमा मात्र लिनु हुँदैन । यसको समयमै उपचार नभए ज्यान नै जानसक्छ। हैजा संक्रमण फैलिनुको मुख्य कारण अझै पनि पत्ता लाग्न सकेको छैन । यद्यपि विज्ञहरूले दूषित खानेपानीलाई नै यसको प्रमुख कारक मानेका छन् । सरकारी खानेपानीको पाइपमा ढलको पानी मिसिएको हुनसक्ने आशंका गरिएको छ। खासगरी वीरगञ्जका वडा नम्बर १२ र १३ मा सरकारी खानेपानी र ढलको पाइप एकै ठाउँमा भएकाले कतै पाइप फुटेर हैजाको जीवाणु मिसिएको हुनसक्ने सम्भावना बढी छ। स्थानीय सरकारले पानीको स्रोतमा क्लोरिन प्रयोग गरी पानी शुद्धीकरण गरेकोले अहिले हैजाको जीवाणु भेटिएका छैनन् । तर यसले संक्रमणको वास्तविक स्रोत पत्ता लगाउन थप कठिनाई भएको छ। यसले भविष्यमा यस्ता समस्या दोहोरिन नदिनका लागि एउटा ठूलो चुनौती खडा गरेको छ। वीरगञ्जमा हैजाका कारण केही मानिसको मृत्यु भएको विषयमा पनि विवाद देखिएको छ। प्रधानमन्त्रीले हैजाका कारण ३ जनाको मृत्यु भएको बताए पनि स्वास्थ्य मन्त्रालयले त्यसको पुष्टि गरेको छैन । यो विवादले सरकारले हैजाको वास्तविक अवस्था लुकाउन खोजेको हो कि भन्ने आशंका उत्पन्न गराएको छ । यस्तो संवेदनशील अवस्थामा सरकारले पारदर्शी भएर काम गर्नुपर्छ। यसो गर्दा मात्र जनतामा विश्वास कायम हुन सक्छ र संक्रमण रोकथामका लागि आवश्यक कदमहरू चाल्न सकिन्छ । डाक्टरहरूका अनुसार, कहिलेकाहीँ आरडीटी परीक्षणले सही नतिजा नदिन पनि सक्छ, जसले गर्दा मृत्युको कारण पत्ता लगाउन थप जटिलता आएको छ। वीरगञ्जको यस घटनाबाट हामीले केही महत्वपूर्ण पाठ सिक्न सक्छौं। भविष्यमा यस्ता महामारीबाट बच्नका लागि निम्न उपायहरू अपनाउनु आवश्यक छ । खानेपानीको पाइपलाइन र ढल प्रणालीलाई अलग-अलग राखिनुपर्छ । पुरानो र जीर्ण पाइपलाइनलाई मर्मत वा प्रतिस्थापन गर्नुपर्छ। यसले पानीमा ढल मिसिने जोखिमलाई पूर्ण रूपमा हटाउन सकिन्छ। खानेपानीको शुद्धता सुनिश्चित गर्न नियमित रूपमा पानी परीक्षण गर्नुपर्छ । जनतालाई हैजाका लक्षण, रोकथामका उपाय र सरसफाइको महत्वबारे जानकारी गराउनुपर्छ। सफा पानी पिउन र व्यक्तिगत सरसफाइमा ध्यान दिन प्रोत्साहित गर्नुपर्छ ।

# विधान संशोधन केवल कागजको अभ्यास होइन, राजनीतिक इमानदारीको परीक्षण होस



प्रेमचन्द्र झा

नेकपा (एमाले) ले आफ्नो विधान संशोधनको तयारी गरिरहेको छ, जसले पार्टीको मूल विचारधारादेखि सदस्यता संरचनासम्मका विषयमा गहिरो परिवर्तन ल्याउने संकेत दिएको छ। मार्क्सवाद-लेनिनवाद र जनताको बहुदलीय जनवाद (जबज) लाई पार्टीको केन्द्रीय सिद्धान्तको रूपमा स्वीकार्दै आएको एमालेले अब यी विचारधाराहरूलाई नमान्ने व्यक्तिहरूलाई समेत पार्टीको सदस्यता दिन सक्ने गरी विधान परिवर्तन गर्न लागेको छ। यसले पार्टीभित्र एक गम्भीर बहस र आलोचना जन्माएको छ, जसको प्रभाव संगठन, कार्यकर्ता मनोबल र आम जनताको विश्वासमा पर्ने देखिन्छ।

विगतमा एमालेले पार्टी सदस्यता दिनुअघि राजनीतिक दृष्टिकोण र सिद्धान्तको परीक्षण गर्थ्यो। खासगरी जबज स्वीकार्नेलाई मात्र संगठनमा समावेश गरिन्थ्यो। तर अहिले उक्त प्रावधान हटाउँदै विचारधारात्मक प्रतिबद्धता नभएका व्यक्तिलाई पनि सदस्यता दिने निर्णय हुँदैछ। यस्ता निर्णयहरू ' व्यापकता' र 'समावेशिता' को नाममा गरिए तापनि, यसले पार्टीको मूल चिन्तन र वैचारिक एकताको जगमा आघात पुर्याउन सक्छ। नीतिगत शिथिलता र अवसरवादिताको ढोका खुला गरिने हो कि भन्ने आशंका उब्जिएको छ।

यसैबीच, पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीको पार्टी सदस्यता नवीकरणसम्बन्धी विवादसमेत सार्वजनिक बहसको विषय बनेको छ। विधानअनुसार स्वचालित रूपमा सदस्यता नविकरण हुनुपर्ने दाबी हुँदाहुँदै पनि पार्टीले उनको सदस्यता 'पेन्डिङ' राखेको छ। यसबाट पार्टीभित्र आन्तरिक गुटबन्दी र अविश्वास रहेको सन्देश प्रवाह भएको छ। भण्डारीजस्ता वरिष्ठ नेतृको सदस्यता विवादमा पर्दा एमालेको संगठनात्मक अनुशासन र नियमप्रतिको निष्ठामा समेत प्रश्न उठेको छ।

विधान संशोधनमार्फत एमालेले 'संगठित सदस्य' र 'साधारण सदस्य' भनेर दुई तहको सदस्यता संरचना ल्याउन खोज्दैछ। यसले कार्यकर्ताहरूको बीचमा भिन्न वर्गको भावना जन्माउन सक्छ। साथै, नेतृत्वमा उमेर र कार्यकालको सिमा हटाउने प्रस्ताव समेत आएको छ। यसले अनुभवी नेताहरूलाई लामो समयसम्म नेतृत्वमा रहने बाटो खुला गरिदिए पनि, युवाहरूको सहभागिता र नेतृत्व विकासको मार्गमा अवरोध उत्पन्न हुन सक्छ। पार्टीको आत्मपुनरावलोकन प्रक्रियामा युवावर्गलाई सक्रिय सहभागी बनाउन नसके परिवर्तनको लक्ष्य अपुरो नै रहनेछ।

अन्तर्राष्ट्रिय सन्दर्भमा हेर्दा, हाल नेपालले चीन, भारत र अन्य छिमेकीहरूसँगको सम्बन्धमा सन्तुलन कायम राख्नुपर्ने चुनौतीको सामना गरिरहेको छ। यस्तो अवस्थामा एमालेले आफ्नो परराष्ट्र नीतिमा स्पष्ट र स्थिर धारणा लिनु आवश्यक छ। नेपालको राष्ट्रिय हितको रक्षा गर्दै, कूटनीतिक वार्ताद्वारा लिपुलेक, लिम्पियाधुरा र कालापानी क्षेत्रको विषयमा भारतसँग समाधान खोज्नु आवश्यक छ। यी संवेदनशील भू-क्षेत्रीय मुद्दाहरूमा एमालेले विगतमा समेत जनभावनाको प्रतिनिधित्व गर्दै राष्ट्रियता र सार्वभौमिकताका पक्षमा ठोस भूमिका खेलेको दाबी गरे तापनि, आजको परिस्थिति अझ बढी जिम्मेवार र परिणाममुखी दृष्टिकोणको माग गरिरहेको छ।

एमालेले मुलुकका ७७ वटै जिल्लाबाट दोस्रो विधान महाधिवेशनमा प्रतिनिधित्व सुनिश्चित गर्दै विधान संशोधनको तयारी गरिरहेको छ। यस्तो प्रतिनिधित्वले महाधिवेशनलाई जनमतको आधारमा निर्णय गर्न सशक्त बनाउँछ। कार्यकर्ताहरूबाट आउने सुझाव, आलोचना र मार्गदर्शनलाई सुनुवाइ गरिनु आवश्यक छ। दोस्रो विधान महाधिवेशन केवल दस्तावेज संशोधन गर्ने औपचारिकता बन्नु हुँदैन, यसले पार्टीको भविष्य दिशा निर्धारण गर्ने रणनीतिक थलो बन्नुपर्छ।

वर्तमान राजनीतिक परिवेशमा जनता स्थायित्व, उत्तरदायित्व र पारदर्शिताको अपेक्षा राखिरहेका छन्। संविधान संशोधनको बहस तीव्र हुँदै गर्दा, एमालेलाई लोकतान्त्रिक मूल्य र समावेशी धारणालाई अँगाल्दै अगाडि बढ्नु पर्नेछ। नेतृत्वमा आत्मसमिक्षा, आन्तरिक लोकतन्त्रको अभ्यास र वैचारिक स्पष्टता कायम गरिनुपर्छ। यदि विधान संशोधनले पार्टीभित्र नेतृत्वलाई सर्वसत्तावादी बनाउने र विचार-बहसको ठाउँ सघन बनाउने हो भने, त्यो दीर्घकालीन दृष्टिकोणले हितकारी हुँदैन।

लिपुलेक, लिम्पियाधुरा र कालापानीको सवालमा एमालेले मात्र हैन, सिंगो मुलुक एक स्वरमा उभिनुपर्ने आवश्यकता छ। यस्ता राष्ट्रिय सवालमा दलहरूबीच प्रतिस्पर्धा होइन, सहकार्य र साझा मोर्चा आवश्यक हुन्छ। एमालेले चाहिँ राष्ट्रियताको मुद्दामा सरकारलाई समर्थन गर्दै, दबाबमूलक भूमिका खेल्न सक्छ। सीमासम्बन्धी विषयमा संसदमा ठोस प्रस्ताव ल्याउने, अन्तर्राष्ट्रिय समुदायमा सशक्त कूटनीतिक अभियान सञ्चालन गर्ने, र आन्तरिक राष्ट्रिय चेतनालाई मजबुत बनाउनेतर्फ पार्टीले नेतृत्व गर्नुपर्नेछ।

एमालेको विधान संशोधनले दिने सन्देश यो हुनुपर्छ कि पार्टी समयअनुसार रूपान्तरित हुँदैछ, तर सिद्धान्तविहीन हुँदै होइन। यदि परिवर्तन केवल सत्ता प्राप्तिको औजार बनाउने नियतले गरियो भने त्यसले पार्टीलाई दीर्घकालमा कमजोर बनाउनेछ। त्यसैले परिवर्तनको आधार स्पष्ट दर्शन, संस्थागत अनुशासन र उत्तरदायित्वयुक्त नेतृत्व हुनुपर्छ।

संगठित कार्यकर्ताबाट जनताको प्रतिनिधित्व हुने भएकाले दोस्रो विधान महाधिवेशनमा सहभागीहरूले केवल पार्टीको हित होइन, सिंगो राष्ट्रको दृष्टिकोणबाट आफ्नो भूमिका निर्वाह गर्नु पर्छ। एमाले नेपाली जनतामाझ लामो समयदेखि स्थापित पार्टी हो, र उसले लिएको प्रत्येक निर्णय जनभावनासँग मेल खाने हुनुपर्छ।

अन्त्यमा, एमाले अहिले एउटा निर्णायक मोडमा उभिएको छ। विचारधाराको जग बलियो राख्दै, नेतृत्वमा सुधार ल्याउँदै, र कार्यकर्तालाई निष्पक्ष र प्रगतिशील दिशामा डो-याउँदै अगाडि बढ्न सक्यो भने पार्टी पुनः जनसमर्थन प्राप्त गर्न सफल हुनेछ।




तर, यदि परिवर्तन केवल सत्ता केन्द्रित, व्यक्तिवादी र असमावेशी भयो भने एमाले कमजोर हुँदै जानेछ, र त्यसको असर मुलुकको राजनीतिक स्थायित्वमा पनि पर्नेछ।

जनताले एमालेबाट चाहेको कुरा स्पष्ट छः राष्ट्रियताको रक्षा, विकासको गति, जनताको आवाजको प्रतिनिधित्व र नेतृत्वमा उत्तरदायित्व। यो सब पूरा गर्न विधान संशोधन केवल कागजको अभ्यास होइन, राजनीतिक इमानदारीको परीक्षण बन्नुपर्छ।

(झा ,प्रेस चौतारी नेपालका केन्द्रीय सदस्य तथा नेपाल पत्रकार महासंघ रौतहटका पुर्व अध्यक्ष हुन )

## शाङ्घाइ शिखर सम्मेलन :

# क्षेत्रीय सुरक्षा, बहुपक्षीयता र दिगो विकासमा नेपाली प्रतिबद्धता



प्रकाश सिलवाल

"हामीले भौतिक, आर्थिक, डिजिटल, सामाजिक-सांस्कृतिक र जनता-जनताबीचको सम्पर्क सञ्जाललाई बढावा दिएर क्षेत्रीय शान्ति, प्रगति र समृद्धिलाई बढावा दिनुपर्छ ।'' चीनको थियानजिनमा आयोजित शाङ्घाइ सहयोग संगठन (एससिओ) प्लसको शिखर सम्मेलनमा प्रधानमन्त्री केपी शर्मा ओलीको यो सम्बोधन साझा चुनौतीको सामनाका लागि विश्वलाई थप एकताबद्ध र एकीकृत हुन केन्द्रित थियो ।

पछिल्लो समयमा अन्तर्राष्ट्रिय मञ्चमा क्षेत्रीय सुरक्षा, बहुपक्षीयता र दिगो विकासलगायत सवालमा नेपालको स्पष्ट र दर्बिलो प्रस्तुति हुँदै आएको छ । साझा भविष्यलाई खतरामा पार्न सक्ने भूराजनीतिक, आर्थिक र जलवायुजन्य झट्काको सामना गर्न थप गम्भीर हुन नेपालले ध्यानाकर्षण गराएको छ । यसका लागि सन् २०१६ देखि संवाद साझेदारका रुपमा एससिओमा रहेको नेपालले पूर्ण सदस्यका रुपमा रहेर न्यायपूर्ण, समावेशी र लचिलो व्यवस्था निर्माणका लागि मिलेर सघाउन तत्पर रहेको जनाउ दिएको छ ।

"विश्वमा असहमतिहरू स्वाभाविक हुन्छन् तर विवादहरू विनाशकारी हुनु हुँदैन । एससिओको भावनालाई अँगालेर, हामीले गहिरो समझदारीलाई बढावा दिन संवाद र कूटनीतिलाई अगाडि बढाउनुपर्छ ।'' एससिओका सदस्य राष्ट्रहरू, पर्यवेक्षक राष्ट्र, संवाद साझेदारहरू तथा अन्य अतिथिसमेत गरी २४ मुलुकका राष्ट्र र सरकार प्रमुखहरू उपस्थित शिखर सम्मेलनमा प्रधानमन्त्री ओलीको सम्बोधन विश्वलाई विभाजन होइन, साझेदारीको आवश्यकताको आम भावनामा केन्द्रित थियो ।

दिगो भविष्यको लागि नियममा आधारित र समावेशी बहुपक्षीय प्रणालीलाई समर्थन गर्दै नेपालले मित्रता, साझेदारी र राम्रो छिमेकी सम्बन्धलाई बलियो बनाउन पनि आग्रह गरेको थियो । एससिओमा नेपालको सहभागिताको स्तर बृद्धिका साथै सो मार्फत् नेपालको राष्ट्रिय हित प्रवर्द्धन गर्ने लक्ष्यका साथ प्रधानमन्त्री ओलीको नेतृत्वमा २३ सदस्यीय टोली चीन गएको थियो । भ्रमणबारे प्रधानमन्त्री ओलीले यही भदौ १३ गते प्रतिनिधिसभामा जानकारी गराउनुभएको थियो ।

यही भदौ १४ देखि १८ गतेसम्म भएको प्रधानमन्त्री ओली नेतृत्वको नेपाली प्रतिनिधिमण्डल थियानजिनको शिखर सम्मेलनका साथै चीन सरकारद्वारा बेइजिङमा आयोजित 'फाँसिवादविरुद्धको विश्वयुद्ध र जापानी अतिक्रमणविरुद्धको चिनियाँ जनताको प्रतिरोधी युद्धमाथिको विजयको ८० औं वार्षिकोत्सव समारोह' पनि सहभागी भएर स्वदेश फर्कनुभएको छ । रुसी महासङ्घका राष्ट्रपति भ्यादिमिर पुटिनलगायत एससिओमा आबद्ध २० भन्दा बढी मुलुकका राष्ट्र प्रमुख/सरकार प्रमुख सहभागी यस कार्यक्रमको विश्वस्तरमा चर्चा भएको छ । यसले नेपालका प्रधानमन्त्री ओलीलाई एक समसामयिक एसियाली नेताका रुपमा परिचित पनि गराएको छ ।

सन् १९९६ मा चीन, रुस, काजाकस्तान, कीर्गिस्तान र ताजिकिस्तानबीच 'शाङ्घाइ फाइभ' नामक क्षेत्रीय समूह बनेको थियो । सन् २००१ मा उज्बेकिस्तानसमेत सामेल भएपछि यसलाई औपचारिक रूपमा शाङ्घाइ सहयोग सङ्गठन नाम दिइएको थियो ।

स्थापनाकालमा यसले सीमा क्षेत्रीय सुरक्षा, आतङ्कवाद विरोधी संयन्त्र र सैन्य विश्वास निर्माणका उद्देश्य बोकेको थियो । पछिल्ला दुई दशकमा यसको कार्यक्षेत्र विस्तार भई आर्थिक सहकार्य, ऊर्जा साझेदारी, पारवहन सञ्जाल, वातावरणीय स्थायित्व र सांस्कृतिक सम्पर्कसम्म भएको छ । यसका पूर्ण सदस्य, पर्यवेक्षक सदस्य र संवाद साझेदार सदस्य गरी तीन प्रकारका सदस्य रहेका छन् ।

हाल चीन, रुस, भारत, पाकिस्तान, काजाकस्तान, कीर्गिस्तान, ताजिकिस्तान, उज्बेकिस्तान, पाकिस्तान, इरान र बेलारुस गरी दस पूर्ण सदस्य छन् । यसको दुई पर्यवेक्षक राष्ट्रहरूमा अफगानिस्तान र मङ्गोलिया छन् भने संवाद साझेदार सदस्यमा नेपाल, अजरवैजान, अर्मेनिया, क्याम्बोडिया, टुर्किये, श्रीलङ्का, साउदी अरबिया, इजिप्ट, कतार, बहराइन, माल्दिभ्स, म्यानमार, संयुक्त अरब इमिरेट्स, र कुवेतसहित १४ मुलुक छन् । नेपालले पर्यवेक्षक हुँदै पूर्ण सदस्य मुलुकमा स्तरोन्नतिका लागि आफ्नो प्रस्ताव अघि सार्दै आएको छ । हालको संरचनाले नेपाललाई मतदान अधिकार नदिए पनि उच्चस्तरीय बैठक, छलफल, परियोजना र नीति-निर्माण प्रक्रियामा सहभागिता जनाउँदै आएको छ ।

गत वर्ष काजकिस्तानको अस्ताना सहरमा सम्पन्न शिखर सम्मेलनले ऊर्जा सुरक्षा, पारवहन मार्ग विस्तार, हरित विकास, डिजिटल सहकार्यलाई प्राथमिकता दिएको थियो । नेपालले त्यतिबेला भूपरिवेष्ठित मुलुकका चुनौती, जलवायु परिवर्तनको प्रभाव, पर्वतीय क्षेत्रको दिगोपन र ऊर्जा पहुँचमा सहकार्यको आवश्यकतामा जोड दिएको थियो ।

भ्रमणका क्रममा चीनका राष्ट्रपति सी चिनफिङसँग थियानजिनमा भेट गरी प्रधानमन्त्री ओलीले दुई पक्षीय सम्बन्ध, सहयोग र प्राथमिकताका विषयहरूमा खुला र हार्दिकतापूर्ण छलफल गर्नुभयो । सो क्रममा उहाँले शान्तिपूर्ण सहअस्तित्वका पाँच सिद्धान्तमा आधारित नेपाल-चीन सम्बन्ध समस्यारहित रहेको उल्लेख गर्दै नेपालको विकास प्रयासमा पुऱ्याउँदै आएको निरन्तर सहयोगका लागि चीन सरकारलाई धन्यवाद व्यक्त गर्नुभयो । बेल्ट एण्ड रोड इनिसिएटिभ (बिआरआई) अन्तर्गत सहमति भएका लगायत विभिन्न परियोजनाहरूको शीघ्र कार्यान्वयन हुनेमा आशा व्यक्त गर्दै उहाँले रासायनिक मल, पेट्रोलियम अन्वेषण, मानव संसाधन विकास, जलवायु परिवर्तनको प्रभावसँग जुध्ने क्षमता अभिवृद्धि तथा जनस्तरको सम्बन्ध सुदृढीकरण जस्ता क्षेत्रहरूमा सहयोगका लागि आग्रह गर्नुभएको परराष्ट्र मन्त्रालयले प्रधानमन्त्री स्वदेश फर्केपछि जारी भएको प्रेस विज्ञप्तिमा उल्लेख छ ।

नेपालको भूभाग लिपुलेक नाकामार्फत सीमा व्यापार गर्ने सम्बन्धी भारत र चीनबीच हालै भएको समझदारीप्रति प्रधानमन्त्री ओलीले आपत्ति जनाउँदै उक्त समझदारी कार्यान्वयन नगर्न चीनका राष्ट्रपति सीलाई अनुरोध गर्नुभएको विषयको समाचारले नेपालमा निकै स्थान पाएको थियो । साथै, राष्ट्रियताका सवालमा प्रधानमन्त्री ओलीको स्पष्ट अडानको प्रशंसा भएको पाइयो ।

> **नेपालको भूभाग लिपुलेक नाकामार्फत सीमा व्यापार गर्ने सम्बन्धी भारत र चीनबीच हालै भएको समझदारीप्रति प्रधानमन्त्री ओलीले आपत्ति जनाउँदै उक्त समझदारी कार्यान्वयन नगर्न चीनका राष्ट्रपति सीलाई अनुरोध गर्नुभएको विषयको समाचारले नेपालमा निकै स्थान पाएको थियो । साथै, राष्ट्रियताका सवालमा प्रधानमन्त्री ओलीको स्पष्ट अडानको प्रशंसा भएको पाइयो ।**

चीनका राष्ट्रपति चिनफिङले 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकांक्षा पूरा गर्ने कार्यमा चीनको सहयोग रहने र चीनले संयुक्त राष्ट्रसङ्घ र साङ्घाई सहयोग सङ्गठनलगायतका बहुपक्षीय मञ्चहरूमा नेपालसँग सहकार्य गर्ने विश्वास दिलाएर नेपालप्रतिको सद्भाव पुनः अभिव्यक्त गर्नुभएको छ । राष्ट्रपति चिनफिङसँगको भेटमा नेपालले ग्लोबल सेक्युरिटी इनिसियटिभ (जिएसआई) मा नेपालले समर्थन गरेको भन्ने भावको चिनीयाँ पक्षको प्रेस विज्ञप्तिलाई नेपाली पक्षले खण्डन गरिसकेको छ ।

नेपालको संविधानमा नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्न क्रियाशील रहँदै संयुक्त राष्ट्रसङ्घको बडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानून र विश्वशान्तिको मान्यताका आधारमा राष्ट्रको सर्वोपरि हितलाई ध्यानमा राखी स्वतन्त्र परराष्ट्र नीति सञ्चालन गर्ने भनी उल्लेख गरिएको राज्यका निर्देशक सिद्धान्तप्रति वर्तमान सरकार स्पष्ट रहेका शङ्का देखिँदैन । विगतमा भएका सन्धिहरूको पुनरावलोकन गर्दै समानता र पारस्परिक हितको आधारमा सन्धि सम्झौताहरू गर्ने पनि नेपालको प्राथमिकता हुनेछ । नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्दै सार्वभौमिक समानताका आधारमा अन्तर्राष्ट्रिय सम्बन्ध कायम गरी विश्व समुदायमा राष्ट्रिय सम्मानको अभिवृद्धि गर्नेतर्फ राज्यको अन्तर्राष्ट्रिय सम्बन्ध निर्देशित हुने विषयमा सत्ता गठबन्धनका दलहरु पनि स्पष्ट देखिएका अवस्थामा अन्य आशङ्का गर्नुपर्ने स्थिति देखिँदैन ।

बेइजिङमा प्रधानन्त्री ओलीले चीनका उपराष्ट्रपति हान चङ्गसँग दिपक्षीय भेट गर्नुभयो र उपराष्ट्रपति हानले देउथाइ सरकारी गेष्ट हाउसमा दिनुभएको रात्रिभोजको सहभागी हुनुभयो । भ्रमणका क्रममा राष्ट्रपति सी र उहाँकी धर्मपत्नी पेङ लियानले आयोजना गर्नुभएको स्वागत भोज प्रधानमन्त्री ओली सहभागी हुनुभयो । सोही क्रममा भारतका समकक्षी नरेन्द्र मोदीसँग अनौपचारिक भेटवार्ता पनि भएको थियो ।


रूसी महासङ्घका राष्ट्रपति पुटिनसँगको भेटवार्तामा दुबै नेताहरूले नेपाल-रूस सम्बन्धलाई अझ सुदृढ तुल्याउने र व्यापार, लगानी, शिक्षा तथा संस्कृतिका साथै हवाई सम्पर्कका क्षेत्रमा परस्पर लाभदायक सहयोग प्रवर्द्धन गर्ने विषयमा छलफल गर्नुका साथै राष्ट्रपति पुटिनलाई नेपाल भ्रमणका लागि निमन्त्रणा गर्नुले नेपालको अन्तर्राष्ट्रिय छवि थप विस्तार भएको मानिएको छ ।

सोही क्रममा प्रधानमन्त्री ओलीले लाओ जनवादी प्रजातान्त्रिक गणतन्त्रका राष्ट्रपति डा थोङलौन सिसोलिथसँग भएको भेटमा दुबै नेताहरूले संस्कृति, कृषि र जनस्तरको सम्बन्धका क्षेत्रमा सहयोग अभिवृद्धि गर्ने बारेमा विचार विमर्श गर्नुभयो । त्यसैगरी, गणतन्त्र माल्दिभ्सका राष्ट्रपति डा मोहम्मद मिज्जुसँग भएको भेटमा दुवै नेताहरूले कृषि, पर्यटन, शिक्षा तथा जनस्तरको सम्बन्धका क्षेत्रमा सहयोग अभिवृद्धि गर्ने विषयमा छलफल गर्नुभयो । समाजवादी गणतन्त्र भियतनामका प्रधानमन्त्री फाम मिन चिन्हसँगको भेटमा नेपाल-भियतनाम मैत्री सम्बन्धलाई अझ सुदृढ तुल्याउने एवं व्यापार तथा लगानी, विज्ञान र प्रविधि, नवप्रवर्तन, डिजिटलाइजेशन, जलवायु परिवर्तन, खेलकुद, शिक्षा, संस्कृतिका साथै हवाई सम्पर्कजस्ता क्षेत्रमा सहयोग विस्तार गर्ने विषयमा छलफल भयो ।

कम्बोडिया अधिराज्यका प्रधानमन्त्री सम्देच मोहा बोर्भर थिपैदिइ हन मानेटसँग भेटघाट हुँदा दुई मुलुकबीच व्यापार, लगानी, पर्यटन, सांस्कृतिक सहयोग प्रबर्द्धन गर्ने विषयमा छलफल भएको थियो । साथै, संयुक्त राष्ट्रसङ्घ लगायत विभिन्न अन्तर्राष्ट्रिय मञ्चहरूमा पारस्परिक लाभका क्षेत्रमा सहकार्य गर्ने सहमति भयो ।

भ्रमणका क्रममा तियानजिन नगरपालिकाको हुयिगुआन गाउँमा रहेको धानको पकेट क्षेत्र तथा चाउ एनलाई र डेंग यिङ्चाओ स्मारक सङ्ग्रहालयको पनि अवलोकन गर्नुभयो । भ्रमण दलमा उहाँकी धर्मपत्नी राधिका शाक्य, पूर्व उपप्रधानमन्त्री एवं प्रतिनिधिसभा सदस्य पूर्णबहादुर खड्का, शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्त, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्रीप्रसाद पाण्डे, प्रधानमन्त्रीका आर्थिक तथा विकास सल्लाहकार डा युवराज खतिवडा, प्रतिनिधिसभा सदस्य छविलाल विश्वकर्मा, परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राई, चीनका लागि नेपालका राजदूत डा कृष्णप्रसाद ओलीलगायत नेपाल सरकारका उच्चपदस्थ कर्मचारीहरू सहभागी हुनुभएको थियो । विश्वकै ठूलो क्षेत्रीय सुरक्षा-आर्थिक सङ्गठनमध्ये एक मानिने यो सङ्गठनको शिखर सम्मेलन नेपालको उच्चस्तरीय उपस्थितिले नेपाल-चीन सम्बन्ध अझ मजबुत बनाउन र बहुपक्षीय सहकार्यमा नेपालको सक्रियता देखाउने महत्वपूर्ण अवसर साबित भएको छ ।

# सार्वजनिक सेवालाई प्रभावकारी बनाइनुपर्छः सभापति देउवा



काठमाण्डु । नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले कर्मचारी वर्गको काँधमा सार्वजनिक सेवा प्रवाहलाई छिटोछरितो, चुस्त र प्रभावकारी बनाएर मुलुकमा सुशासन कायम गराउनुपर्ने गहन जिम्मेवारी रहेको बताउनुभएको छ ।

नेपाल निजामती कर्मचारी युनियनको ३५औँ स्थापना दिवसको अवसरमा विहिबार आयोजित कार्यक्रममा सभापति देउवाले लोकतान्त्रिक परिवर्तनको भावना अनुरुप समय सापेक्ष रुपमा निजामती सेवा प्रवाहमा व्यापक सुधार हुन आवश्यक रहेको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, “सबल र सक्षम निजामती सेवा बनाउन ट्रेड युनियनहरूले महत्वपूर्ण भूमिका खेल्नुपर्ने आवश्यकता छ । विगतका कमी कमजोरीलाई सुधार गरेर सरकारले दिने हरेक सेवा चुस्त र दुरुस्त बनाउन तपाईहरु क्रियाशिल हुनु पर्छ।”

सभापति देउवाले कर्मचारी युनियन सबै राष्ट्र सेवक कर्मचारीहरूको अभिभावक भएर नेतृत्वदायी भूमिकामा बस्नुपर्ने आवश्यकता रहेको उल्लेख गर्दै मुलुकको ठूलो लोकतान्त्रिक पार्टी कांग्रेसको शुभेच्छुक संस्था भएका कारण नेपाल निजामती कर्मचारी युनियनको नीति निर्माणमा महत्वपूर्ण भूमिका रहेको विश्वास व्यक्त गर्नुभयो । शासकीय क्षमता अभिवृद्धि गर्न राज्यले बनाउने नीतिहरूमा छलफल एवम् बहस पैरवी गर्न पनि युनियनको रचनात्मक भूमिका आवश्यक पर्ने बताउनुभयो। उहाँले हरेक निकायमा इमानदार र कर्त्यव्यनिष्ठ कर्मचारी भए मात्र सुशासनको प्रत्याभूति हुन सम्भव हुने धारणा राख्नुभयो ।

स्थायी सरकार भनिने कर्मचारीतन्त्रमा हुने नियुक्तिमा पेसागत दक्षता भएका, इमानदार र सेवामैत्री कर्मचारीको छनोटमा वकालत गर्न युनियनको सार्थक उपस्थिति बलियो हुनुपर्ने सभापति देउवाको भनाइ थियो । उहाँले भन्नुभयो, “कर्मचारीका आधार भूत आवश्यकतासँग जोडिएका समस्यामा सरकारको ध्यान जाने नै छ। म र मेरो पार्टीको सदैव सहयोग रहन्छ।”

नेपालको लोकतान्त्रिक परिवर्तनका लागि भएका सबै सङ्घर्षमा कर्मचारी युनियनको अग्रणी भूमिका रहँदै आएको र यसले कर्मचारीको हक हित तथा रक्षाका लागि आवाज बुलन्द गर्दै नेपालको ट्रेड युनियन आन्दोलनमा नयाँ ऊर्जा थपिएको सभापति देउवाले बताउनुभयो । उहाँले निजामती सेवा ऐन, २०६४ जारी गराउन खेलेको नेतृत्वदायी भूमिका विशेष स्मरणीय रहेको र यो ऐन बनेपछि कर्मचारीको पेसागत हकहित सामाजिक सुरक्षा लगायतका विषयमा नयाँ ढोका खोलेको बताउनुभयो । निजामति विधेयकमा कर्मचारीका सरोकारका विषयलाई पार्टीले चासोपूर्वक लिएको र कर्मचारी समायोजनमा भएको कमजोरी सच्याउन पहल गर्ने सभापति देउवाले विश्वास व्यक्त गर्नुभयो ।

युनियनका कार्यवाहक अध्यक्ष उत्तमकुमार कटुवालले कर्मचारी ट्रेड यूनियनले सुशासन, प्रवर्द्धन, सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउन रचनात्मक सहयोग गर्ने विश्वास व्यक्त गर्नुभयो। उहाँले सङ्घीय निजामति सेवा विधेयकमा रहेका कमजोरीलाई सच्याएर विधेयकलाई पूर्णता दिनुपर्नेमा जोड दिनुभयो ।

युनियनका निवर्तमान अध्यक्ष गोपालप्रसाद पोखरेलले संवैधानिक निकायलगायत महत्वपूर्ण निकायमा लोकतन्त्रवादी कर्मचारीको उपस्थिति बलियो हुन नसकेको बताउनुभयो। सो अवसरमा सभापति देउवाले युनियनले प्रकाशन गरेको ‘कर्मचारी’ नामक पुस्तकको विमोचन गर्नुभयो ।

> “कर्मचारीका आधारभूत आवश्यकतासँग जोडिएका समस्यामा सरकारको ध्यान जाने नै छ । म र मेरो पार्टीको सदैव सहयोग रहन्छ ।”

कार्यक्रममा युनियनका निवर्तमान अध्यक्ष पोखरेल, उपसचिव दिपक रेग्मीलगायत विभिन्न ४२ व्यक्तित्वलाई कदरपत्रसहित सम्मान गरिएको थियो ।रासस

# आलोचनात्मक चेतले लोकतन्त्रलाई सबल र समुन्नत बनाउँछः राष्ट्रपति पौडेल

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले आलोचनात्मक चेतले लोकतन्त्रलाई सबल र समुन्नत बनाउने बताउनुभएको छ ।

रविन्द्र शाह स्मृति प्रतिष्ठानद्वारा राजेश्वर नेपालीको ८३औं जन्मजयन्तीका अवसरमा विहिबार यहाँ आयोजित ‘राजेश्वर नेपाली अभिनन्दन ग्रन्थ लोकार्पण’ समारोहलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले लोकतन्त्रलाई आधुनिक समयको शासन लोकतन्त्रलाई बलियो बनाउने र लोकतान्त्रिक व्यवस्थामा मात्र पत्रकारिता जगतले आफ्नो व्यावसायिक धर्म निर्वाध निर्वाह गर्न पाउने बताउनुभयो ।

उहाँले भन्नुभयो, “लोकतन्त्र र पत्रकारिताको यो अन्योन्याश्रित सम्बन्धको यही विशेषताले लोकतन्त्र तथा पत्रकारितालाई मजबुत बनाउँदै देशको आर्थिक विकास, सामाजिक रुपान्तरण र आम नागरिकको दैनिकी सहज



प्रणालीको उच्चतम रुप मात्र नभई लोकतन्त्रका आदर्श, मूल्यमान्यतालाई हाम्रो आचरण तथा जीवनशैलीकारुपमा आत्मसाथ गर्दै मुलुक बनाउने अवसरमा रुपान्तरण गर्नुपर्ने बताउनुभयो ।

आम नागरिकमा सपना, आशा र भरोसा जागृत गर्दै दीगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिवद्ध राष्ट्र निर्माणको युगिन अभिभारालाई पूरा गर्न सबै आ-आफनो ठाउँबाट क्रियाशील हुनुपर्ने राष्ट्रपति पौडेलले बताउनुभयो ।

लोकतन्त्र र पत्रकारिता एक अर्काका पर्याय भएको उल्लेख गर्दै राष्ट्रपति पौडेलले व्यावसायिक पत्रकारिताले बनाउन राजनीति र पत्रकारिता क्षेत्र समर्पित हुनुपर्दछ।”

राष्ट्रपति पौडेलले राजेश्वर नेपालीलाई आफूले एउटा कट्टर लोकतन्त्र र राष्ट्रवादी व्यक्तिका रुपमा चिनेको उल्लेख गर्दै उहाँ निर्भिक पत्रकार, सादा जीवन र उच्च विचारका परिवर्तनप्रेमी प्रेरक व्यक्ति भएको बताउनुभयो। राजेश्वर नेपालीले निरङ्कुशताबाट जनताको उन्मुक्तिका लागि जेननेलको कुनै प्रवाह नगरी एउटा कवि र कलमजीवीकारुपमा भाषा, साहित्य र संस्कृति मात्र होइन, मिसन पत्रकारितादेखि लोकतान्त्रिक मूल्य मान्यता एवम् आदर्शका लागि प्रेस र प्रजातन्त्र सेनानीका रुपमा आफूलाई उभ्याउन कहिँकतै नचुकेको राष्ट्रपति पौडेलको भनाइ थियो ।रासस

# सूचीकृत हुन नआएका सामाजिक सञ्जाल निष्क्रिय : मन्त्री गुरुङ



काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले आजसम्म सूचीकृत हुन नआएका सामाजिक सञ्जाललाई निष्क्रिय हुने बताउनुभएको छ ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा विहिबार पत्रकार हरुसँग कुरा गर्दै मन्त्री गुरुङले सूचीकृत हुन नआएका सामाजिक सञ्जाललाई निष्क्रिय गराउन नेपाल दूरसञ्चार प्राधिकरणलाई निर्देशन दिइसकेको बताउनुभयो ।

सर्वोच्च अदालतले प्रधानन्यायाधीशसहितको बृहत पूर्ण इजलासले अदालतको अवहेनासम्बन्धी मुद्दामा २०८० वैशाख १२ मा स्वदेशी तथा विदेशी उत्पतिका अनलाइन तथा सामाजिक सञ्जाल प्लेटफर्महरुलाई सञ्चालन पूर्व अनिवार्य सम्बन्धित निकायमा सूचीकरण गर्न नेपाल सरकारको नाममा आदेश दिएको थियो ।

उक्त आदेश पालना गर्दै मन्त्रिपरिषद्को यही भदौ ९ गतेको बैठकले नेपालमा सामाजिक सञ्जाल सञ्चालन गर्ने इच्छुक व्यक्ति, कम्पनी वा संस्थाले सूचीकृत हुन आव्हान गरेको थियो । नेपाल सरकारले जारी गरेको सामाजिक सञ्जालको प्रयोग व्यवस्थित गर्न बनेको निर्देशिका-२०८० बमोजिम सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा आफ्नो प्लेटफर्मको सूचीकरणका लागि सोही निर्देशिकाका अनुसूची १ बमोजिमको ढाचाँमा तोकिएको कागजातहरु संलग्न गरी ७ दिनभित्र निवेदन दिन भनेको थियो ।

मन्त्रालयले निवेदन दिँदा इच्छुक व्यक्ति, कम्पनी वा संस्थाले नेपालभित्र सम्पर्क विन्दु, आवासीय गुनासो सुन्ने अधिकारी, स्वनियम परिपालनको निगरानी अधिकारीसमेत तोक्ने सार्वजनिक सूचना प्रकाशन गरिएको थियो ।

मन्त्री गुरुङले भन्नुभयो, “तोकिएको समयभित्र सूचीकृत गर्न नआउने सामाजिक सञ्जाललाई नेपालभित्र निष्क्रिय गराउन र सूचीकरण गरेको क्षणदेखि पुनःसक्रिय गराउन नेपाल दूरसञ्चार प्राधिकरणलाई निर्देशन दिइसकेको छ।”

मन्त्री गुरुङले करिब २५ वटा सामाजिक सञ्जाल सूचीकृत हुन आउनुपर्ने र सूचीकृत गर्नका लागि कुनै पनि खर्च नलाग्ने बताउनुभयो ।

उहाँले सिधा कुरा डटकमको मुद्दामा अदालतले फैसला गर्दा सबै सामाजिक सञ्जालहरु सञ्चार मन्त्रालयमा दर्ता हुनुपर्ने र दर्ता भएर सञ्चालन दर्ता हुन नआएमा गैरकानुनीरुपमा सञ्चालन हुन नदिन भनेको छ ।

“सात दिनभित्र दर्ता गर्न आउनु भनेका थियौं, त्यो मिति आजसम्म थियो, आजकै मितिदेखि सामाजिक सञ्जाल निष्क्रिय गराउँछौं”, मन्त्री गुरुङले भन्नुभयो, “मुलुकमा कर तिरेको छ कि छैन भनेर सूचीकृत गर्न खोजेको होइन, सामाजिक सञ्जालका कारण भएको अपराधीकरण, सामाजिक सांस्कृतिक क्षेत्रमा खलल पार्ने खालको काम गरेको छ, पैसा तिर्ने कुरा आएको छैन ।”रासस

# ‘डिजिटल नेपाल बनाउन सवारीमा इम्बोस्ड नम्बर जरुरी’

काठमाण्डु । भौतिक पूर्वाधार तथा यातामन्त्री देवेन्द्र दाहालले डिजिटल नेपाल बनाउन सवारीमा इम्बोस्ड नम्बर जरुरी भएको बताउनुभएको छ।

प्रतिनिधिसभाको विहिबारको बैठकमा शून्य र विशेष समयमा उठेका सवालको निजी वा सरकारी सवारी साधनका लागि अहिलेसम्म ६ लाख ३५ हजार पाँच सय ४५ छपाइ भइसकेको र ८७ हजार ९८९ इम्बोस्ड नम्बर जडान भइसकेको जानकारी दिनुभयो। “नेपाल सरकारले डिजिटल नेपालको



जवाफ दिन समयको माग गर्दै उहाँले सवारीमा एम्बोस्ड नम्बरका लागि सम्झौता पहिला नै भइसकेको हुनाले इम्बोस्ड नम्बर जडान गर्नैपर्ने भएको बताउनुभयो ।

उहाँले भन्नुभयो,“सवारी साधानमा इम्बोस्ड नम्बर जडान गर्नका लागि तीन पटकसम्म सम्झौता भएको देखिन्छ, वर्तमान सरकारले सम्झौता गरेको होइन ।

जडान नगर्ने हो भने रु तीन अर्ब पैसा सित्तैमा निर्माण कम्पनीलाई दिनुपर्ने हुन्छ।”

उहाँले पहिला नै सम्झौता गरिएको र कुनै चीज उत्पादन नगरिकन पैसा तिर्नुपर्ने भएकाले वर्तमान सरकारले इम्बोस्ड नम्बर राख्नुपर्ने आवश्यकता परेको बताउनुभयो। उहाँले भाषा अंग्रेजीमा हुँदा कुनै पनि फरक नपर्नेसमेत स्पष्ट पार्नुभयो। मन्त्रालयले यस प्रक्रियालाई अघि बढाएको जानकारी दिँदै उहाँले व्यक्ति, अवधारणालाई आत्मसाथ गर्दै सरकारका तर्फबाट प्रवाह हुने सेवाहरु राहदानी, राष्ट्रिय परिचयपत्र, सवारी चालक अनुमतिपत्र, जग्गादर्ता लगायतका क्षेत्रमा गरेको अवस्था छ,-उहाँले भन्नुभयो, “सो अनुरुप यातायात क्षेत्रलाई पनि डिजिटल क्षेत्रमा लैजानुपर्ने जरुरी छ, सवारी साधनमा इम्बोस्ड नम्बर प्लेट जडान गरेपछि देशभरका सवारी साधनको एकीन विवरण हुनेछ।”


उहाँले सवारी इजाजतका बारेमा एकिन विवरण हुने, सवार ीसाधन चोरी, राजस्व छलिका विषयमा रोक्न पनि सहज हुने र सवारी साधानमा इम्बोस्ड नम्बर जडान गर्न निर्देशिकासमेत जारी भएको जानकारी गराउनुभयो ।

मन्त्री दाहालले सवारी साधनको पहिचानका लागि सङ्केत नम्बर प्रविधिको कारण अंग्रेजी भाषामा राख्नुपर्ने हुँदा अन्तरदेशीयरुपमा आवतजावतमा सहयोग पुग्ने बताउनुभयो ।रासस

# पूर्वसांसदका योगदान अतुलनीय : सभामुख घिमिरे

काठमाण्डु । प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले लोकतन्त्रको स्थापना, संविधान निर्माण र संसद्को दीर्घकालीन यात्रामा पूर्वसांसदका योगदान अतुलनीय रहेको बताउनुभएको छ।

विहिबार सङ्घीय संसद् भवनमा आयोजित ‘पूर्वसांसद मञ्च, नेपाल’को २६औं स्थापना दिवस समारोह तथा ज्येष्ठ पूर्वसांसद सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै सभामुख घिमिरेले देशको राजनीतिक रूपान्तरणमा पूर्वसांसदहरूको भूमिका रहेको स्मरण गर्नुभयो।



उहाँले भन्नुभयो, “पूर्वसांसदज्यूहरू हाम्रो राष्ट्रिय जीवनको अभिन्न हिस्सा हुनुहुन्छ। उहाँहरूको योगदान मूल्याङ्कनभन्दा परको विषय हो । यस्ता योगदानका बाबजुद उहाँहरूले आधारभूत स्वास्थ्य सुविधा पाउन नसकेको अवस्था दुःखद् छ। त्यसैले हामी अब उहाँहरूको स्वास्थ्योपचारलाई सहज र निःशुल्क बनाउन आवश्यक नीतिगत तथा व्यवस्थापकीय पहलमा जुटिरहेका छौं।”सभामुख घिमिरेले पूर्वसांसदप्रति सम्मान प्रकट गर्दै, राज्यले उनीहरूको स्वास्थ्य र कल्याणप्रति संवेदनशील हुनुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा प्रतिनिधिसभाका उपसभामुख इन्दिरा रानालेसमेतपूर्वसांसदहरूप्रतिसम्मान व्यक्त गर्दै, उनीहरूको स्वास्थ्य, आवास र सामाजिक सुरक्षाको सवालमा राज्यले स्पष्ट नीति ल्याउन जरुरी रहेको बताउनुभयो। उहाँले भन्नुभयो, “भोलि हामी पनि पूर्वसांसद हुनेछौं। आज जुन समस्या पूर्वसांसदहरू भोगिरहनुभएको छ, त्यो भविष्यमा हामीमाथि पनि आउन सक्छ। त्यसैले, समयमै यी विषयमा व्यवस्थापन गर्न जरुरी छ।” उपसभामुख रानाले पूर्वसांसदहरूको जीवनयापनलाई सहज बनाउने सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालन गर्नुपर्ने सुझाव दिनुभयो। त्यसैगरी राष्ट्रियसभाका उपाध्यक्ष विमला घिमिरेले देशको राजनीतिक सङ्क्रमण, लोकतान्त्रिक आन्दोलन, संविधान निर्माण तथा संसद्को संस्थागत विकासमा पूर्वसांसदहरूको ऐतिहासिक योगदानलाई स्मरण गर्दै, अब उनीहरूलाई राज्यद्वारा औपचारिक रुपमा संरक्षण गर्ने समय आएको धारणा राख्नुभयो ।कार्यक्रममा पूर्वसभामुख तारानाथ रानाभाट, पूर्वसांसद मञ्चका अध्यक्ष ओमकारप्रसाद श्रेष्ठ, उपाध्यक्ष गोविन्दबहादुर शाह, घनेन्द्र बस्नेतलगायतले आज गरिएको पूर्वसांसदको सम्मान, देशको राजनीतिप्रतिको सम्मान भएको धारणा राख्नुभएको थियो।

उहाँहरुले सभामुख घिमिरे र उपसभामुख रानालाई धन्यवाद दिँदै, यो पहललाई नीति निर्माणसम्म पु-याउन आग्रह गर्नुभएको थियो ।पूर्वसांसदहरूको संस्थागत सङ्गठनका रूपमा क्रियाशील ‘पूर्वसांसद मञ्च, नेपाल’ले विगत २६ वर्षदेखि पूर्वसांसदहरूका हकअधिकारका लागि आवाज उठाउँदै आएको छ ।रासस

# नेपाल अमेरिका सम्बन्ध विश्वासमा आधारित र दिगोःपरराष्ट्रमन्त्री

काठमाण्डु । परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले नेपाल र अमेरिकाबीच विश्वासमा आधारित एवं दिगो र ऐतिहासिक सम्बन्ध रहिआएको बताउनुभएको छ।

संयुक्तराज्य अमेरिकाले नेपाली सेनालाई उपलब्ध गराएको दुई स्काइ ट्रक हस्तान्तरण गर्न विहिबार यहाँ आयोजित सामारोहमा मन्त्री डा राणाले उक्त सहयोग नेपाल र अमेरिकाबीचको दिगो मित्रता र सहकार्यको प्रतिक हो भन्नुभयो।

अमेरिका प्रजातान्त्रिक शासन प्रणालीको सुदृढीकरण, मानवतावादी सहयोग, विपद् व्यवस्थापन, शान्ति स्थापना तथा क्षमता विकासमा नेपालको एक विकास साझेदार र भरपर्दो मित्र रहेको उहाँले स्पष्ट गर्नुभयो। मन्त्री डा राणाले अमेरिकासँगको नेपालको मित्रता र सहकार्य सधैं शान्ति, स्थायित्व तथा मानव सेवाको उद्देश्यमा समर्पित रहेको उल्लेख गर्दै नेपाललाई गर्दै आएको निरन्तर सहयोगका लागि अमेरिकी



सरकार र अमेरिकी जनतालाई धन्यवाद ज्ञापन गर्नुभयो।

मन्त्री डा राणाले निरन्तर समर्पण र अनुशासनका साथै राष्ट्रियता, विश्व शान्ति तथा सुरक्षाप्रति अटूट प्रतिबद्धता प्रदर्शन गर्दै आएकामा नेपाली सेनाको प्रशंसा गर्नुभयो। समारोहमा परराष्ट्रमन्त्री डा राणा, रक्षामन्त्री मानवीर राई र प्रधानसेनापति अशोकराज सिग्देललाई अमेरिकी राजदूत डिन आर थम्पसनले ती स्काइ ट्रक हस्तान्तरण। रासस

# समस्याको दीर्घकालीन समाधानमा सरकार लागेको छः ऊर्जामन्त्री खड्का

काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले राप्ती नदीले निम्त्याएको समस्याको दीर्घकालीन समाधानमा सरकारले काम गरिरहेको बताउनुभएको छ।

प्रतिनिधिसभाको विहिबार बैठकमा सांसदले सोधेको प्रश्नको जवाफ दिँदै उहाँले राप्ती नदीले निम्त्याएको बाढी र डुबानको समस्यालाई दीर्घकालीन रुपमा समाधान गर्नका लागि सरकारले काम गरिरहेको बताउनुभएको हो।

राप्ती नदीको राप्ती सोनारी गाउँपालिका-१ कुशुमदेखि नैरैनापुर गाउँपालिका-६ गङ्गापुरसम्मको राप्ती नदीको तटबन्धनको लागि गएको तीन वर्षमा भारत सरकारका तर्फमा रु ३५ करोड तीन लाख अनुदान रकम विनियोजन भए पनि दुई देशबीचको बाढी तथा डुवानसम्बन्धी दुईपक्षीय बैठक तीन वर्षसम्म बस्न नसकेको कारण काममा ढिलाइ भएको बताउनुभयो।

उहाँले नेपाल र भारतबीचको बाढी तथा डुबानसम्बन्धी बैठक चाँडै बस्ने मिति तय भएको भन्दै चाँडै नै यसको



समाधान हुने उल्लेख गर्नुभयो। उहाँले उक्त नदीले निम्त्याएको समस्याको दिगो समाधानका लागि एशियाली विकास बैंकको तर्फबाट रु एक अर्ब ४३ करोड ६१ लाख र नेपाल सरकारको तर्फबाट रु ४१ करोड ९५ लाख विनियोजन भएको जानकारी गराउनुभयो।

यसैगरी चालु आर्थिक वर्षमा उक्त नदी नियन्त्रणका लागि भारत सरकारबाट जम्मा रु २० करोड ५० लाख, एशियाली विकास बैंकको तर्फबाट रु ३७ करोड ७६ लाख र नेपाल सरकारको तर्फबाट रु १२ करोड ८६ लाख विनियोजन भएकोसमेत बताउनुभयो।

उक्त नदीको दीर्घकालीन समाधान गर्नका लागि दाङमा रहेको बबई नदी र यसको सहायक नदी तथा पश्चिम राप्ती नदी दाङ खण्ड तथा बाँके खण्डमा रहेको नदीको विस्तृत अध्ययन गरी जलजन्य प्रकोपबाट हुने क्षति न्यूनीकरण गर्न प्रत्येक नदीको विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर) तयार गरी क्रमशः कार्यान्वयन गर्दै लगिएको उल्लेख गर्नुभयो ।रासस

# नेड द स्नेलको रूप, धैर्य र प्रेमको असाधारण कथा

एपी

वेलिङ्टन । नेड पूर्ण रूपमा राम्रो घुँगी हो । यदि ऊसँग डेटिङ प्रोफाइल हुन्थ्यो भने, यसले लेख्ने थियो: राम्रो श्रोता, स्थिर घर, ब्रोकाउली मनपर्छ, प्रेम खोज्छ ।

तर नेडले आफ्नो स्थानीय विकल्पहरू पहिल्यै सकाइसकेको छ । यो किनभने ऊ चुनौतीपूर्ण वा अप्रिय छैन, बरु ऊ एउटा साधारण बगैँचाको घुँगी हो जसमा असामान्य शारीरिक समस्या छ र जसले उसको प्रेम जीवनलाई प्रभावित गरेको छ ।

नेडको खोल कुण्डल बायाँतिर छ, दायाँतिर होइन । यस दुर्लभ विशेषताका कारण ४० हजार घुँगीमा एक मात्र यस्तो घुँगी हुन्छ जसको यौन अङ्गहरू बाँकी प्रजातिहरूसँग मेल खाँदैन । अर्को बायाँ खोल कुण्डल भएको घुँगी नभएसम्म, नेड जीवनभर अनैच्छिक ब्रह्मचर्य भोग्न बाध्य हुन्छ ।

यो चुनौतीले न्युजिल्यान्डका प्रकृति प्रेमीहरूलाई प्रेरित गर्‍यो । अगस्टमा, जसले उनको बगैँचामा घुँगी भेट्टाए, नेडको उत्तम मेल फेला पार्न अभियान सुरु गरे । तर नेडको साँचो प्रेम पाउने यात्रा अनुमानित रूपमा ढिलो भइरहेको छ ।



### बगैचामा अप्रत्याशित भेट

उत्तरी टापुको वैरारापामा आफ्नो घरको तरकारीको टुक्रा झारपात बनाइरहेको बेला जिसेल क्लार्कसनको आँखा नेडमा पर्न गयो ।

‘द अब्जर्भोलोजिस्ट’ पुस्तककी लेखक एवं चित्रकार क्लार्कसन घुँगीको प्रेममा दीर्घकालीन रुचि राख्नुहुन्छ र लामो समयदेखि साइनिस्ट्रल वा बायाँ खोल कुण्डल भएका घुँगी खोज्दै आउनुभएको छ ।“मलाई तुरुन्तै थाहा भयो कि मैले यस घुँगीलाई झारपातमा फिर्ता फ्याँक्न सक्दिनँ”, उहाँले भन्नुभयो । त्यसपछि उहाँले न्युजिल्यान्ड जियोग्राफिकमा आफ्ना सहकर्मीहरूलाई नेडको फोटो पठाउनुभयो ।

पत्रिकाले नेडका लागि साथी खोज्ने राष्ट्रव्यापी अभियान सुरु गर्‍यो । अभियानको नाम बायाँ हाते पात्र नेड फ्लान्डर्सको नामबाट ‘द सिम्पसन्स’ राखिएको थियो । नेड फ्लान्डर्सले एकपटक द लेफ्टोरियम नामक स्टोर खोलेका थिए । “जब दायाँ खोल कुण्डल भएको घुँगी र बायाँ खोल कुण्डल भएको घुँगी भेट्छन्, उनीहरू माथि स्लाइड गर्न सक्दैनन् र यौन अङ्गहरूको सही मिलान हुँदैन”, क्लार्कसनले भन्नुभयो, “त्यसैले लेफ्टीले केवल अर्को लेफ्टीसँग मात्र समागम गर्न सक्छ ।”

> “जब दायाँ खोल कुण्डल भएको घुँगी र बायाँ खोल कुण्डल भएको घुँगी भेट्छन्, उनीहरु माथि स्लाइड गर्न सक्दैनन् र यौन अङ्गहरुको सही मिलान हुँदैन”

### लामो दूरीका साझेदार आवश्यक छैन

नेडका लागि रोमाञ्चक आशा भनेको उसले सेक्स म्याच नभए पनि प्रेम पाउन सक्छ । तर उसको इनबक्समा अझै कुनै बायाँ खोल कुण्डल भएको घुँगी आएको छैन । “हामीले धेरै उत्साह पाएका छौं, तर अहिलेसम्म कुनै बायाँ खोल कुण्डल भएका घुँगी आएका छैनन्”, क्लार्कसनले भन्नुभयो ।

नेडका समस्या विश्वव्यापी समाचारमा आएका छन्, तर न्युजिल्यान्डको कडा जैविक सुरक्षा नियमले लामो दूरीको प्रेम सम्भव नहुने सङ्केत गरेको छ । अन्य बायाँ खोल कुण्डल भएका घुँगीहरू सार्वजनिक अभियानमार्फत साथी फेला पारेका थिए, जसले क्लार्कसनलाई आशावादी बनाउँछ ।

सन् २०१७ मा बेलायती साइनिस्ट्रल स्नेल जेरेमीको दुई वर्षको छोटो जीवनपछि मृत्यु भयो । यसको नाम वामपन्थी राजनीतिज्ञ एवं बागवानी प्रेमी जेरेमी कोर्बिनको नाममा राखिएको थियो ।

जेरेमीका लागि बायाँ कुण्डल खोल भएको साथीको खोजले सम्भावित जोडी खोज्न प्रेरित गर्‍यो । सुरुमा उनीहरूले एक अर्कालाई मन पराउँथे । तर उसको मृत्युको समयसम्म उनीहरूका ५६ बच्चा भएका थिए र ती सबै दायाँ खोल कुण्डल भएको थाहा भयो । वैज्ञानिकहरूका लागि बायाँ खोल कुण्डल भएको घुँगीको अध्ययन दुर्लभ आनुवंशिक उत्परिवर्तन बुझ्ने आकर्षक अवसर हो । युरोपमा गरिएको अनुसन्धानले प्रत्येक ४० हजार घुँगीमा एउटा बायाँ खोल कुण्डल भएको घुँगी हुन्छ भन्ने देखाएको छ ।

वैरारापामा, क्लार्कसनको बैठक कोठामा नेडको निरन्तर उपस्थितिले शान्ति र अस्तित्वगत प्रश्नहरूलाई प्रज्ज्वलित गरेको छ । “सायद घुँगीमा एक्लोपनको अवधारणा हुँदैन”, क्लार्कसनले भन्नुभयो ।नेड अझै जवान छ । उसको खोलले छ महिनाको उमेर देखाउँछ । बगैँचाका घुँगी दुईदेखि पाँच वर्षसम्म बाँच्छन् । क्लार्कसन उसलाई रोमान्टिक रूपमा पूरा भएको हेर्न उत्साहित हुनुहुन्छ ।

“साधारण बगैँचाको घुँगीको कल्याणका बारेमा यस्तो तनाव मैले पहिले कहिल्यै अनुभव गरेको थिइनँ”, उहाँले भन्नुभयो, “म नेडलाई लगभग पागलपूर्ण रूपमा हेर्छु ।”

# नेपाल र बङ्गलादेशबीच हुने खेलको तयारी पूरा



काठमाण्डु । नेपाली राष्ट्रिय फुटबल टोली र बङ्गलादेशको राष्ट्रिय पुरुष फुटबल टोलीबीच हुने मैत्रीपूर्ण खेलका लागि सबै तयारी पूरा भएको अखिल नेपाल फुटबल सङ्घ(एन्फा) ले जनाएको छ ।

यही भदौ २१ र २४ गते हुने दुई मैत्रीपूर्ण फुटबल खेलका लागि सम्पूर्ण तयारी पूरा भएको एन्फाका प्रवक्ता सुरेश शाहले विहिबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिनुभयो । प्रतियोगिताका दुई खेल त्रिपुरेश्वर स्थित दशरथ रङ्गशालामा साझ ५:३० बजेदेखि हुनेछ ।

उत्त खेलका लागि बङ्गलादेशको राष्ट्रिय फुटबल टोली यही भदौ १८ गते नै नेपाल आइसकेको छ । बङ्गलादेशी टोलीलाई अभ्यासका लागि भद्रकालीस्थित नेपाली सेनाको खेल मैदान र ललितपुरको च्यासलस्थित च्यासल रङ्गशालाको मैदानको व्यवस्था गरिएको एन्फाले जनाएको छ । प्रतियोगिताको मार्केटिङ र डिजिटल अधिकार एडी रिलिज प्राइभेट लिमिटेडलाई प्रदान गरेको प्रवक्ता शाहले जानकारी दिनुभयो । उक्त खेलका लागि भिआइपी प्यारापिटतर्फ रू एक हजार र साधारण प्यारापिटर्फ रू पाँच सय टिकट दर निर्धारण गरिएको छ ।

दुवै खेलको समग्र विजेतलाई ट्रफी र पदक प्रदान गरिने एन्फाले जनाएको छ ।

यदी दुवै खेलबाट नतिजा नआएमा दोस्रो खेलपछि पेनाल्टी सुटआउटमार्फत विजेता तय हुनेछ । उक्तप्रतियोगिता सञ्चालनका लागि करिब रु एक करोड २७ लाख ५८ हजार एक सय ६८ खर्च लाग्ने आयोजकको भनाइ छ । रासस

# लिज्बनको ऐतिहासिक रेल दुर्घटना हुँदा कम्तीमा १७ जनाको मृत्यु



बीबीसी

काठमाण्डु । लिज्बनको प्रसिद्ध ग्लोरिया फ्यूनिक्यूलर दुर्घटनाग्रस्त हुँदा कम्तीमा १७ जनाको मृत्यु हुनुका साथै २० जना घाइते भएको अधिकारीहरूले बताएका छन्। पोर्चुगलको आपत्कालीन चिकित्सा सेवासम्बन्धी निकायले घाइतेमध्ये केहीको अवस्था गम्भीर रहेको बताएको छ। एकजना बच्चासहित अन्य १३ जना सामान्य घाइते भएको बताइएको छ।

सुरुमा कैयौं मानिसहरू घटनास्थलमा फसेको बताइएको थियो। ती सबैलाई त्यहाँबाट निकालिसकिएको अधिकारीहरूले बताएका छन्।पोर्चुगलका राष्ट्रपति मार्सेलु रुबेलु डुसोजाले “यस त्रासदीबाट प्रभावित परिवारहरूसँग सहानुभूति र ऐक्यबद्धता“ व्यक्त गरेको जनाएका छन्। लिज्बनका मेअर कार्लोस मोएडसले राजधानी “शोकमा“ रहेको भन्दै त्यो उक्त “सहरका लागि दुखद क्षण“ भएको बताएका छन्। आपत्कालीन सेवाहरूले मृत्यु हुनेहरूमा विदेशीहरू पनि रहेको बताए तापनि उनीहरू कुन मुलुकका हुन् भन्ने खुलाइएको छैन।

बुधवार साँझ ६ बजेर पाँच मिनेटतिर अभेनिडा दा लिबेर्दाजनजिकै भएको केबल रेलवे दुर्घटनाको समयमा कति जना सवार थिए भन्ने कुरा स्पष्ट भएको छैन। सामाजिक सञ्जालमा व्यापक रूपमा सेयर गरिएको फूटेजमा चम्किलो पहेँलो रङ्को रेल पल्टिएको र त्यो लगभग पूर्ण रूपमा ध्वस्त भएको देखाइएको छ। उत्पन्न धुवाँबीच मानिसहरू पैदलै भागिरहेको देख्न सकिन्छ।

एक प्रत्यक्षदर्शीले पोर्चुगिज पत्रिका अफ्सर्भाडोरलाई बताए अनुसार उक्त सवारी “ब्रेक नलागेर, नियन्त्रण बाहिर“ गएको थियो।“हामी सबै भाग्न थाल्यौं। हामीलाई डिब्बो तल रहेको अर्को रेलमा ठोक्किनेछ भन्ने लाग्यो,“ टेरेसा डी’आभोले भनिन्। “तर यो मोडको छेउमा खस्यो र एउटा भवनमा ठोक्कियो।“

अर्का एकजनाले पोर्चुगिज टीभी च्यानल एसआईसीलाई बताए अनुसार फ्यूनिक्यूलर “पूर्ण गतिमा“ ठाडो सडकमा जाँदै गर्दा एउटा भवनमा ठोक्किएको बताए। “यो साथ एउटा भवनमा बेस्सरी ठोक्कियो र कार्डबोर्ड बक्स जस्तै ढल्यो; यसमा ब्रेक थिएन,“ ती महिलाले भनिन्।लिज्बनका अधिकारीहरूले यो घटनाको कारण तत्काल थाहा नभएको बताए।तर अफ्सर्भाडोरको रिपोर्ट अनुसार सो रेलवेको मार्गमा तार खुकुलो हुँदा यसले नियन्त्रण गुमाएर नजिकैको भवनमा ठोक्किएको थियो।

फ्यूनिक्यूलर सञ्चालन गर्ने यातायात कम्पनी क्यारिसले अनुसन्धान सुरु भएको जनाएको छ र “सबै मर्मत सम्भार प्रोटोकल“ पालना गरिएको बताएको छ।युरोपेली आयोगकी अध्यक्ष उर्जुला फोन डेर लाइअनले पीडित परिवारप्रति समवेदना व्यक्त गरेकी छन्।स्पेनका प्रधानमन्त्री पेड्रो सान्चेजले आफू उक्त “भयानक दुर्घटनाबाट स्तब्ध“ भएको बताएका छन्। फ्यूनिक्यूलर ठाडो भिरालो सतहमा यात्राका लागि व्यवस्था गरिएको एक प्रकारको रेलवे प्रणाली हो।

ग्लोरिया फ्यूनिक्यूलर मा रहेका दुई कारहरू विद्युतीय मोटर हरूद्वारा सञ्चालित छन्। ती ढुवानी केबलको विपरीत छेउमा जोडिएका हुन्छन् जसको अर्थ एउटा ओरालो यात्रा गर्दा अर्कोले त्यसको भार उठाउँछ। जसले गर्दा तिनीहरूलाई एकैसाथ माथि-तल जान सन्तुलनको अवस्था बन्छ।ग्लोरिया फ्यूनिक्यूलर लिज्बनको सबैभन्दा प्रसिद्ध पर्यटकीय आकर्षणमध्ये एक हो। यो सन् १८८५ मा सुरु गरिएर तीन दशकपछि विद्युतीकरण गरिएको थियो।

प्रतिकका रूपमा रहेका पहेँलो रङ्का सवारी साधनहरू पहाडी सहर लिज्बनका महत्त्वपूर्ण पक्ष हुन्।

दुर्घटनाग्रस्त यस विशेष सवारी लिज्बनको बीचमा रहेको रेस्टाउर्‍याडोर्स स्क्वायरबाट लगभग २७५ मिटर परका रमणीय सडकहरूमा पुग्छ। यसको यात्रा केवल तीन मिनेटको हुन्छायो र अन्य फ्यूनिक्यूलरहरू पर्यटकहरूमाझ निकै लोकप्रिय छन्। गर्मीयामको अन्त्यमा पोर्चुगलको राजधानी सहर निकै व्यस्त रहने गर्छ।

# ट्रम्पका कारण ’नजिकिएका’ मोदी र सी - चीनमा भएको भेटपछि खुलेको बाटो र उठेको चासो



बीबीसी

काठमाण्डु । केही महिनाअघि भारत र पाकिस्तानका सैनिकहरू एउटा सङ्क्षिप्त तर घातक द्वन्द्वमा फसेका थिए।

उक्त द्वन्द्वमा अप्रत्यक्ष रूपमा तेस्रो राष्ट्र अर्थात् चीन पनि संलग्न थियो। पाकिस्तानी सशस्त्र फौजले भारतविरुद्ध चीनमा निर्मित अस्त्रशस्त्र र साधनहरू प्रयोग गर्‍यो। तिनमा लडाकु विमान र रेडार प्रणालीहरू समाविष्ट थिए। दिल्लीस्थित भारतीय सेनाका एक वरिष्ठ अधिकारीका अनुसार बेइजिङले पाकिस्तानलाई भारतीय सैनिकहरूको अवस्थितिबारे “लाइभ जानकारी“ पनि उपलब्ध गराएको थियो।भारतले चीनबारे सार्वजनिक रूपमा कुनै टिप्पणी गरेन। बरु दिल्लीले बेइजिङसँग सम्बन्ध सुधार गर्ने प्रयासलाई निरन्तरता दिनु कति उचित हुन्छ भनेर धेरैले प्रश्न गरे।

छ महिनापछि भारत र चीन हजारौं किलोमिटर टाढा वाशिङ्टन डीसीमा गरिएका निर्णयका कारण उद्वेलित भएका छन्। ट्रम्प प्रशासनले भारतबाट आयात गरिने सामानमाथि ५० प्रतिशत ट्यारिफ अर्थात् भन्सार लगाएको छ ।

रुससँग तेल किन्न रोक्न अस्वीकार गरेकाले 'दिल्लीलाई दण्डित गरिएको' वाशिङ्टन डीसीको तर्क छाभरपर्दो साझेदार अमेरिकालेअप्रत्याशितकदमचालेपछि दिल्लीसँग दुइटा विकल्प थिए।

पहिलो, झुक्नु र रुसबाट तेल किन्न बन्द गर्नु। तर भारतले त्यसो गर्न मानेन। किनभने रुस भारतका लागि “सदाबहार“ साझेदार हो र दबावमा परेर झुक्नु भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको सशक्त नेताको छविसँग प्रतिकूल हुन्थ्यो। दोस्रो, आफ्नो अडानमा कायम रहनु र अरू अवसर खोज्नु। भारतले अहिलेका लागि यही विकल्प रोजे जस्तो देखिन्छ। छिमेकी देश चीन विश्वको दोस्रो ठूलो अर्थतन्त्र अनि सामान उत्पादनमा विश्वभरि अग्रणी भएको अवस्थामा सामाधान खोज्न अन्यत्र जानुभन्दा चीनतिरै फर्कनु व्यावहारिक पनि हुन्छ।

यो सप्ताहान्त तियान्जिनमा मोदी र सी जिन्पिङबीच यही प्रसङ्गमा भेट भएको छ।दुई पक्षले जारी गरेको विज्ञप्तिमा विवरण विस्तृत रूपमा दिइएको छैन। तर दुवै पक्षले दुई देशमा बस्ने कुल २.८ अर्ब मानिसलाई लाभ पुग्ने गरी आफूबीच विद्यमान मतभेद समाधान गर्ने वाचा गरेका छन्। उक्त बैठकमा मोदी र सी तत्काल लागु हुने गरी दुई देशबीच सीधा उडान गर्न र भिसा जारी गर्ने प्रक्रिया सरल बनाउन सहमत भए।

तर अर्थपूर्ण रूपमा सहकार्य गर्नुअघि यी दुई देशले हटाउनुपर्ने ठूला अवरोधहरू बाँकी नै छन्।पहिलो चुनौती समकालीन इतिहासँग सम्बन्धित छासन् २०१४ मा प्रधानमन्त्री बनेपछि मोदीले भारत-चीन सम्बन्ध सुधारका लागि व्यक्तिगत रुचि देखाए। उनले सन् २०१८ सम्म पाँच पटक चीनको भ्रमण गरे पनि।तर सन् २०२० मा दुई देशको सीमामा भएको सैन्य झडपले त्यो गति बिथोलियो। फेरि चीन जान मोदीले सात वर्ष कुर्नुपर्‍यो।

दुई देशले सीमा विवादसम्बन्धी विषयमा के गर्छन् भन्नेमा भारत र चीनको सम्बन्ध सुधारको कुरा निर्भर हुन्छ। विवादित सीमावर्ती क्षेत्रमा दुई देशका हजारौं सैनिकहरू अहिले पनि परिचालित छन्। यद्यपि परिस्थितिलाई सामान्य बनाउन गैरसैनिक र सैनिक नेताहरूबीच वार्ता पनि चल्दै छ। मोदी-सी बैठकपछि भारत र चीनद्वारा जारी विज्ञप्तिमा सीमामा शान्ति कायम गर्ने र “मतभिन्नतालाई झगडामा परिवर्तन हुन नदिने“ उल्लेख गरेका छन्।

चीनसँगको व्यापार घाटा भारतका लागि ठूलो चुनौती बनेको छ। अहिले भारतले चीनसँग ९९ अर्ब अमेरिकी डलरभन्दा बढीको व्यापार घाटा खेप्नुपरेको छ।दुवै देशले विभिन्न क्षेत्रमा एकअर्काका वस्तु आयात गर्दा उच्च शुल्क र कर लगाएका छन्।बेइजिङ १.४ अर्ब जनसङ्ख्या भएको भारतीय बजार आफ्ना सामानका लागि खुला होस् भन्ने चाहन्छ। तर व्यापार घाटाको विषय निरुपण नगरी त्यसो गर्नु हुँदैन भन्नेमा भारत सतर्क छ।

गत वर्ष मोदी र सीको कजानमा भेट भएको थियो। ट्रम्पले लगाएका ट्यारिफका कारण दुई नेताबीच पुनः सम्पर्क गर्न प्रेरणा मिलेको हुन सक्छ। तर भारतका लागि वास्तविक अवस्था ज्यूँको त्यूँ छ।मोदी र सीबीचको भेट भारतको “रणनीतिक स्वतन्त्रता“को नीतिअन्तर्गत भएको ठानिएको छ। तर त्यसले भारतका लागि थप भूराजनीतिक चुनौतीहरू थपिदिने सम्भावना पनि उत्तिकै छ।भारतले यही वर्ष जापान, अस्ट्रेलिया र संयुक्त राज्य अमेरिका पनि संलग्न क्वाड शिखर सम्मेलन आयोजना गर्न लागेको छ। क्वाडलाई हिन्द-प्रशान्त क्षेत्रमा चीनको प्रभुत्वलाई चुनौती दिने मञ्च ठानिएको थियो।

क्वाड शिखर सम्मेलनमा ट्रम्प सहभागी हुने वा नहुने कुरा अझै अस्पष्ट छ। तर उनी सहभागी भए र चीनबारे केही टिप्पणी गरे भने त्यसबाट भारत र चीनले नवीकरण भएको समझदारीको तत्काल परीक्षण हुने छ।भारत चीनविरोधी र रुसविरोधी ठानिएका अन्य बहुपक्षीय मञ्चमा पनि संलग्न छ।भारतले आफ्नो रणनीतिक स्वतन्त्रतालाई आगामी महिनाहरूमा कसरी प्रयोग गर्छ भन्ने कुराले भारत-चीन सम्बन्ध प्रभावित हुने छ।

अहिले भारत र अमेरिकाबीचको सम्बन्ध सर्वाधिक न्यून बिन्दुमा पुगेको स्पष्ट छ। केही दिनअघि ट्रम्पका एक सहयोगीले युक्रेन र रुसबीचको द्वन्द्व “मोदीको युद्ध“ भएको टिप्पणी गरेका थिए। गत मे महिनामा भारत र पाकिस्तानबीचको लडाइँ रोक्न ट्रम्पको भूमिका भएको दाबी दिल्लीले बारम्बार खण्डन गर्दै आएको छ। भारतको खण्डनप्रति अमेरिकाका राष्ट्रपति असन्तुष्ट देखिँदै आएका छन्।

भारतले ट्रम्प ट्यारिफको प्रतिक्रियामा अमेरिकी वस्तुमाथि भन्सार दर बढाएको छैन। उसले वार्ताका लागि बाटो खुलै राखेको देखिन्छ। भारतका लागि अमेरिका सबैभन्दा ठूलो व्यापारिक साझेदार हो।


चीनसँगको निकटताले भारतलाई अमेरिकासँग वार्ता गर्न सहज होला कि त्यसो गर्नु प्रत्युत्पादक सिद्ध होला?यो प्रश्न आगामी महिनाहरूमा दिल्ली र अन्यत्र हुने भूराजनीतिक छलफलहरूमा छाउने सम्भावना प्रबल छ।

# भारतको नयाँ बाढी चेतावनीपछि पूर्वी पाकिस्तानमा थप तीन लाख मानिस विस्थापित

एपी

शेर शाह ।भारतले जारी गरेको पछिल्लो बाढी चेतावनीपछि पाकिस्तानको पञ्जाब प्रान्तका बाढी प्रभावित क्षेत्रहरूबाट विगत ४८ घण्टामा करिब तीन लाख मानिसलाई सुरक्षित स्थानमा सारिएको अधिकारीहरूले बुधबार जानकारी दिएका छन् ।यससँगै, गत महिनादेखि विस्थापितको कुल सङ्ख्या १३ लाख पुगेको छ ।

भारतको सीमामा नरोवाल र सियालकोट क्षेत्रमा आएको बाढीपछि पञ्जाबको मुजफ्फरगढ जिल्लाका धेरै गाउँ डुबानमा परेका छन् । प्रमुख



सहरहरूलाई जोगाउन अधिकारीहरूले नदीको अतिरिक्त पानी खेततिर मोड्ने प्रयास गरिरहेका छन् । जसलाई पञ्जाबको इतिहासकै सबैभन्दा ठूलो उद्धार र राहत अभियान मानिएको छ ।

हजारौं उद्धारकर्ताहरूले डुङ्गा प्रयोग गरेर मानिस र गाइवस्तुलाई सुरक्षित स्थानमा लैजाँदैछन् । सेनासमेत उद्धार कार्यमा खटाइएको प्रान्तीय विपद् व्यवस्थापन प्राधिकरणका महानिर्देशक अरफान अली काठियाले जानकारी दिनुभयो । उहाँका अनुसार भारतले बुधबार बिहान कूटनीतिक माध्यममार्फत पाकिस्तानलाई नयाँ बाढी चेतावनी पठाएको हो । भारी वर्षा र बाँधबाट पानी छोडिएपछि २४ घण्टाभित्र नै यो दोस्रो चेतावनी आएको उहाँले बताउनुभयो ।

रावी, चेनाब र सतलज नदीहरूमा पानीको सतह उच्च बाढी स्तरमा पुगेको काठियाले जानकारी दिनुभयो । प्रभावित क्षेत्रमा छतमा फसेकाहरूलाई उद्धार गर्न ड्रोनको पनि प्रयोग भइरहेको छ । उहाँका अनुसार पञ्जाबका ३३ हजार गाउँका ३३ लाखभन्दा बढी मानिस प्रभावित भएका छन् । क्षतिको मूल्याङ्कन जारी रहेको र घर तथा बाली गुमाउनेलाई सरकारको तर्फबाट क्षतिपूर्ति दिने तयारी भइरहेको छ ।

# कन्य च्याउको बिउ उत्पादन गरिँदै

चितवन । व्यावसायिक किट विकास केन्द्र भण्डाराले कन्य च्याउको बिउ उत्पादन सुरु गरेको छ । कार्यालयले यस वर्ष चार हजार पोका (एक हजार किलो) कन्य च्याउको बिउ उत्पादन गर्न लागेको हो ।

कार्यालयकी प्रमुख सुरुचि त्रिपाठीका अनुसार चालु आर्थिक वर्षमा व्यावसायिक च्याउखेती गर्ने किसानलाई बिउ उपलब्ध गराउने उद्देश्यले उत्पादन गर्न लागिएको हो । उहाँले २५० ग्रामका बिउका पोका उत्पादन गर्न लागिएको छ ।" किसानको आवश्यकता अनुसार बिउ उत्पादन बढाउँदै लगिने जनाउँदै उहाँले हालसम्म एक हजार २०० पोका बिक्रीका लागि तयारी गरिएको बताउनुभयो । कार्यालयले चार वर्षदेखि च्याउको बिउ उत्पादन गर्दै आएको छ ।

कार्यालयले रेशमखेतीका लागि किम्बु, फलफूल तथा आलङ्कारिक बिरुवाको बेर्ना उत्पादन, रेशमखेतीको विकास, किम्बु बगैँचा व्यवस्थापन तथा किम्बुको मातृ स्रोतको संरक्षण र विकास, रेशमखेतीमा प्रविधिको



जनाउँदै बजारमा भन्दा सस्तो र स्तरीय बिउ उत्पादन गरेर किसानलाई उपलब्ध गराइने बताउनुभयो ।

एउटा पोका बिउको मूल्य रु ३५ निर्धारण गरिएको छ । बजारमा दुई सय ग्राम बिउलाई रु ३५ पर्ने गरेको उहाँले बताउनुभयो । प्रमुख त्रिपाठी भन्नुभयो, "कृषि प्राविधिकको निगरानीमा बिउ उत्पादन भएकाले अन्यभन्दा गुणस्तरीय अध्ययन, परिक्षण, विकास तथा प्रसार गर्दै आएको छ । साथै विभिन्न प्रजातिका च्याउको उत्पादन, प्रविधिबारे प्रदर्शनी, च्याउको उन्नत उत्पादन तथा उत्पादनोपरान्त प्रविधि अध्ययन, परिक्षण तथा विकास गर्ने, निजी क्षेत्रका प्रयोगशालामार्फत उत्पादन हुने च्याउ र बिउको अनुगमन तथा सुपरीवेक्षण गरी गुणस्तर परिक्षण गर्नेलगायतका काम गर्दै आएको छ ।रासस

# सौराहमा हुर्किँदै छन् 'राम' र 'देव'

नारायणगढ । मुलुकको प्रमुख पर्यटकीय गन्तव्यमध्ये चितवनको सौराह एक हो । यहाँ आउने जो कोहीले सौराहको आसपासमा साना गैँडा डुल्दै गरेको देख्न पाउँछन् । मानिससँगको सामीप्यतामा रमाउने यी गैँडाहरू वास्तवमा मानिसले नै पालेका हुन् ।

निकुञ्जका विभिन्न स्थानबाट घाइते भएका गैँडाका बच्चाको यहाँको राष्ट्रिय प्रकृति संरक्षण कोष तथा जैविक विविधता संरक्षण केन्द्रमा ल्याइएर उपचार र पालन-पोषण हुने गरेको छ । यही कारणले गर्दा यिनै गैँडाका बच्चा हाल सौराहतिर देखिरहेका छन् ।

सौराहस्थित संरक्षण केन्द्रमा हाल 'राम' र 'देव' नाम गरेका गैँडाका दुई भाले केटाहरू (बच्चाहरू) हुर्किरहेका छन् । गैँडाका बच्चा प्रायः वैशाख-असारको 'सिजन'मा जन्मिन्छ । प्रारम्भिक जीवनमा तिनीहरूले बाघ, भालुलगायत आक्रमणकारी र अकालको जोखिम भोग्नुपर्छ । हाल केन्द्रमा रहेका राम र देवको उमेर दुई वर्षभन्दा बढी भएको छ । यिनको पालन-पोषण कोषका कर्मचारी लालबहादुर महतरालगायतले गर्दै आउनुभएको छ ।

प्रकृति संरक्षण कोषका वरिष्ठ संरक्षण अधिकृत अनिल प्रसाईंका अनुसार 'देव' र 'राम' दुवैलाई बाघको आक्रमणबाट घाइते अवस्थामा उद्धार गरिएको थियो । देवलाई भरतपुरको देवनगरबाट विसं २०८० जेठ ३० गते उद्धार गरिएको हो । रामलाई सौराहकै बाघमाराबाट विसं २०८० असार १ गते ल्याइएको थियो । उद्धारका समयमा यी दुवै गैँडाका बच्चा १५-२० दिनका मात्रै थिए । प्रसाईंले भन्नुभयो, "त्यसताका हामीले अत्यन्त दयनीय अवस्थामा भेटाएका थियौँ ।"

रामलाई उद्धार गर्दा नजिकै एउटा माउ गैँडा मात्र देखिएको थियो, तर त्यसलाई रामकै माउ भन्ने पुष्टि गर्न नसकिएको उहाँले बताउनुभयो । "आमाले बच्चा



स्वीकार गरिन् कि गरेननन् वा त्यो बच्चा उसको हो कि होइन भन्ने पक्का भएन । घाइतेजस्तो पनि देखिएको थिएन । हामीले हात्तीको सहायताले बच्चालाई आमासँग मिलाउने प्रयास गर्दा माउ गैँडा भाग्यो । त्यसपछि रामलाई यहाँ ल्याएर हेर्दा देब्रे खुट्टा टुटेको पाइयो, बाघले टोकेर छाडेको रहेछ । अनि उपचार र पालन-पोषण गरिएको हो ।"

त्यसैगरी, देवनगरबाट उद्धार गरिएको देवका चारवटै खुट्टाका हाड भाँचिएका थिए । बाँच्छ कि बाँच्दैन भन्ने शङ्का थियो । बाघले निकै घाइते बनाएका यो केटोको अवस्था हाल सुधार भएको छ ।

केन्द्रका चिकित्सक डा अमिर सडौलाले यहाँ ल्याइएका गैँडाका बच्चा धेरैजसो बाघको आक्रमणमा परेका घाइते भएको पाइएको बताउनुभयो । "यहाँ ल्याइएका गैँडाका बच्चामध्ये करिब ७० प्रतिशत बाघको आक्रमणमा परेर आउँछन्, बाँकी अन्य कारण वा भालेको आक्रमणका कारण घाइते हुने गर्छन्", उहाँले भन्नुभयो, "यहाँ ल्याएपछि मानिसको जस्तै उपचार गरिन्छ । घाइते गैँडाको पिसाब र शौच सामान्य भएमा बाँच्ने सम्भावना बढी हुन्छ ।"

गैँडाको स्वभाव अत्यन्त प्रतिरोधात्मक र प्राकृतिक रूपमा निको हुने क्षमता बढी हुने भएकाले सामान्यतया गैँडालाई विशेष उपचारको आवश्यकता कम पर्ने डा सडौलाको भनाइ छ ।

यहाँ हुर्काइएका केही गैँडाहरू अन्य देशमा उपहारस्वरूप पठाइएको र केही गैँडाहरू प्राकृतिक जङ्गलमा पुनःस्थापन गरिएका छन् । पुष्पा र अञ्जलीलाई कोशी टप्पु वन्यजन्तु आरक्षमा, बाङ्के, बिरु, पूजा र माइला नामक गैँडालाई काठमाडौँस्थित सेन्टर चिडियाखाना पठाइएको छ । यस्तै, ब्युटी र जङ्गेलाई अष्ट्रियाको भियना चिडियाखाना तथा सोल्टीलाई चीनको शाङ्घाई चिडियाखाना पठाइएको छो ।

वरिष्ठ संरक्षण अधिकृत प्रसाईंका अनुसार, पछिल्लो चार दशकदेखि कोषले बाघ, गैँडालगायत घाइते वन्यजन्तुहरूको उद्धार, उपचार तथा संरक्षण गर्दै आएको छ । हालसम्म २० वटा गैँडाका बच्चा उद्धार गरिएकामध्ये १३ वटा जीवित रहन सफल भएका छन् । गैँडा चार वर्षपछि वयस्क हुने हुँदा वयस्क भएपछि व्यवस्थापन गरिने उहाँले बताउनुभयो ।

हाल केन्द्रमा रहेका राम र देवलाई प्राकृतिक वातावरणसँग घुलमिल हुने अभ्यास गराइँदैछ । उनीहरू प्रायः निकुञ्ज तथा सौराह आसपासको क्षेत्रमा घुम्ने गर्छन्, जसले यहाँ आउने पर्यटकका लागि आकर्षणको केन्द्र बनाउँछ । छवटा गैँडाका बच्चालाई दैनिक रूपमा पालनपोषण गरी हुर्काइ सक्नुभएका केन्द्रका वन्यजन्तु प्राविधिक लालबहादुर महतरा यी गैँडाको स्याहारमा संलग्न हुनुहुन्छ । उहाँले आफ्नै सन्तानजस्तै माया गरेर गैँडाका बच्चाहरूलाई दूध एवं आहार खुवाउने गर्नुहुन्छ । "बच्चा अवस्थामा दुई-दुई घण्टाको अन्तरालमा दूध खुवाउनुपर्ने हुन्छ भने अलि ठूला भएपछि मकैको कुँडो र अन्य आहार दिन सुरु गरिन्छ", महतराले भन्नुभयो,"मैले हासम्म देव, राम, पूजा, माइला, पुष्पा र अञ्जली नामक गैँडाहरू हुर्काइसकेको छु । यहाँ ल्याउँदा हिँड्नसमेत नसक्ने अवस्थाका देव र राम पनि विस्तारै तङ्ग्रिँदै छन् ।"

यहाँ संरक्षण गरिने गैँडाका बच्चालाई सुरुमा दैनिक करिब दुई केजीसम्म ल्याक्टोजिन दूध दिइन्छ र बच्चा ठूलो हुँदै गएपछि दूधको मात्रा क्रमशः बढाउँदै मकैलगायत अन्य आहार पनि खुवाइने कोषका चिकित्सक डा सडौलाले बताउनुभयो । उहाँका अनुसार, सामान्य गाई-भैँसीको दूध गैँडाका बच्चाले पचाउन सक्दैन किनभने त्यसको फ्याट र प्रोटिन संरचना गैँडाको पेटसँग मेल खाँदैन । त्यसैले बच्चा अवस्थामा खानपानमा विशेष ख्याल राख्न आवश्यक हुने उहाँको भनाइ छ ।

बच्चाहरूका बचपनमै बढी कुरा सिक्ने भएकाले माउको माया र साथबाट वञ्चित हुँदा उनीहरू प्राकृतिक वातावरणसँग सहजै घुलमिल हुन नसक्ने भएकाले सोहीअनुसार आफूहरूले व्यवस्थापन गर्ने गरेको वरिष्ठ संरक्षण अधिकृत प्रसाईंको भनाइ छ । उहाँले भन्नुभयो, "कोशीमा लगिएका गैँडालाई पनि त्यही उद्देश्यका लागि नयाँ बासस्थानमा लगिएको हो । माउ गैँडासँग हुँदा बच्चाले खान, हिँड्न र शत्रुबाट जोगिने सीप सिक्छ, तर मानव संरक्षणमा हुर्काइएका यिनीहरूले आमा गैँडाको मार्गदर्शन नपाउने भएकाले, अन्य गैँडाको हूलसँग घुलमिल हुन केही कठिनाइ हुन्छ ।"रासस

# तरकारीखेतीबाट वार्षिक तीन लाख बचत



कञ्चनपुर । शुक्लाफाँटा नगरपालिका-८ नौखरीका किसान महादेव चौधरीले दुई दशकदेखिनिरन्तरतरकारीखेतीमार्फत जीविकोपार्ज गर्दै आउनुभएको छ । सामान्य लेखपढ गर्न पनि नगर्नुभएका चौधरी अहिले गाउँका एक सफल व्यवसायिक किसानका रूपमा परिचित हुनुहुन्छ । कमैया प्रथा अन्त्य भएसँगै सरकारले पुनःस्थापनाका क्रममा उपलब्ध गराएको पाँच कठ्ठा जग्गामा उहाँले तरकारीखेती सुरु गर्नुभएको हो ।

पछि थप १० कठ्ठा जग्गा भाडामा लिएर खेती विस्तार गरेको चौधरीले बताउनुभयो । अहिले उहाँको बारीमा लौका, फर्सी, काँक्रो, करेलालगायत मौसमी तरकारी उत्पादन भइरहेका छन् । मौसमी तथा र बेमौसमी दुवै किसिमका तरकारीखेती हुने उहाँको भनाइ छ ।

चौधरीले काउली, गोलभैँडा, भण्टा, खुर्सानी, आलु, बोडीलगायत खेती गरिरहेको बताउँदै तरकारीका बेर्ना पनि बिक्री गरी आम्दानी लिइरहेको उल्लेख गर्नुभयो । "बाल्यकालमा जमिन्दारको बाख्रा र गोरु चराउन थालेँ, ठूला भएपछि कमैया बसेर हलो जोत्न थालेँ, विद्यालय कस्तो हुन्छ थाहै भएन", उहाँले भन्नुभयो, "दातृ निकायले सञ्चालन गरेको कृषि तालिममा सहभागी हुने अवसर पाएपछि जीवनमा परिवर्तन आएको हो । तालिममा पाएको ज्ञानले तरकारीखेतीलाई व्यवस्थित रूपमा सुरु गरेको हुँ ।"

तरकारीखेतीबाट जीविकोपार्जन भइरहेको भन्दै उहाँले वार्षिक रु तीन लाख बचत हुने जनाउनुभयो । चौधरीले यहीँ आम्दानीले परिवारको सम्पूर्ण खर्च सञ्चालन भइरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "जीविकोपार्जनका लागि अरुको मुख ताक्नुपरेको छैन, खेतीकै आम्दानीबाट सहज रूपमा परिवार पाल्न सकिएको छ ।"

कमैया बस्दा विवाह गरेका चौधरीलाई परिवार पाल्ने ठूलो चुनौती थियो । तरकारीखेतीलाई आधार बनाएर उहाँले जीवनलाई नयाँ मार्ग दिनुभयो । "यसकै आम्दानीबाट पक्की घर निर्माण गरेका छौँ । छोराका लागि अटो खरिद गरेर दिएको छु । सोही अटोमार्फत बजारसम्म तरकारी ढुवानी गर्ने र भाडामा काम भइरहेको छ", उहाँले भन्नुभयो ।

खेतीका लागि चौधरीले सरकारबाट अनुदानमा पावरटिलर प्राप्त गर्नुभयो । सिँचाइ सुविधा बढाउन बोरिङ राखेको बताउँदै उहाँले यसले खेती उत्पादनमा सहयोग पुगेको धारणा राख्नुभयो । "तरकारीखेतीमा मेहनत गरे पनि कहिलेकाहीँ भारतीय तरकार ीसँग प्रतिस्पर्धा गर्नुपर्छ", उहाँले भन्नुभयो, "भारतबाट सस्तो तरकारी आउँदा लागत पनि नउठ्ने गरी बेच्नुपर्ने अवस्था आउँछ ।" यसले किसानलाई निरुत्साहित बनाउने गरेको उहाँको दुखेसो छ ।

अर्ग्यानिक उत्पादनमा जोड दिएर बजारमा छुट्टै पहिचान कायम गर्ने लक्ष्य बनाएको चौधरीको भनाइ छ ।

उहाँलाई अहिले गाउँमा ' मिहिनेती किसान' भनेर चिन्छन् । उहाँ खेतीमा मात्रै सीमित नभई गाउँलेलाई आधुनिक कृषि पद्दति अपनाउन प्रेरित पनि गर्दै आउनुभएको छ ।

स्थानीय किसान विपदराम चौधरीले भन्नुभयो, "महादेवले गरेको मेहनत हामी सबैका लागि प्रेरणा हो ।

खेतीबाटै जीवन धान्न सकिन्छ भन्ने प्रेरणा उहाँबाटै लिएर हामी पनि तरकारीखेतीमा आबद्ध भएका छौँ ।" दुई दशकअघि जमिन्दारको गोरु चराउने काममा सीमित रहेका चौधरी आज आफ्नो मेहनत, लगनशीलता र निरन्तरताले सफल व्यवसायिक किसान बनेका स्थानीय जगरनाथ चौधरीले बताउनुभयो ।रासस

# नेपाल आमाको मूर्ति निर्माणमा बजेट अभाव

भीमदत्तनगर । कञ्चनपुरको भीमदत्त नगरपालिका-८ स्थित भम्केनी धाममा निर्माण भइरहेको नेपाल आमाको मूर्ति निर्माणका लागि बजेट अभाव भएको छ ।

नेपालका साविकका ७५ वटै जिल्ला चिनाउने गरि ७५ फिट अग्लो नेपाल आमाको मूर्ति निर्माण कार्य बजेट अभावले प्रभावित बनेको छ । जगतगुरु मोहनशरण देवाचार्यको पहलमा भम्केनी धाम विकास समितिले निर्माण गरिरहेको मूर्तिका लागि बजेट अभाव भएको समितिले जनाएको छ ।

धाम विकास समितिका अध्यक्ष पुरन खत्रीले बजेट अभावका कारण मूर्ति निर्माण कार्य अबरुद्ध भएको बताउनुभयो । उहाँका अनुसार निर्माणाधिन मूर्तिको हालसम्म कमल आशन र खुट्टासम्मको भाग तयार गरिएको छ भने छातिसम्मको खाँचा तयारी गरिएको छ । त्यसका लागि आवश्वक धातु अभाव छ ।

"मूर्तिको निर्माणका लागि मैन र माटोको छातिसम्मको खाँचा तयार भइसकेको छ, त्यसका लागि आवश्यक धातु छैन", अध्यक्ष खत्रीले भन्नुभयो, "धातु पलाग्न काठमाडौँबाट शिल्पकार मगाउनु पर्छ, हामीसँग थोरै मात्रै धातु भएकाले अहिले पगाल्दा खर्च बढी लाग्छ ।" खाँचाका लागि आवश्यक धातु नहुँदा गर्मीका कारण मैन पग्लने सम्भावना भएकाले रु २०-२५ लाखसम्म नोक्सानी व्यहोर्नुपर्ने अवस्था आएको उहाँको भनाइ छ ।

विसं २०७४ बाट सुरु भएको



मूर्ति निर्माण कार्य पाँच वर्षमा भित्रमा सक्ने लक्ष्य लिइएको भए पनि कोरोना संक्रमणले एक वर्ष थपेर २०८० सम्म सक्ने लक्ष्य लिइएको थियो । मूर्ति निर्माणका लागि भ्याली कन्स्ट्रक्सनसँग रु १० करोड ८१ लाखमा ठेक्का सम्झौता भएको छ । मूर्ति निर्माणका लागि २५ देखि ३० टनसम्म अष्टधातु आवश्यक पर्ने अनुमान गरिए पनि कमल आशनमा मात्रै १० टन बढी धातु प्रयोग भएको र त्यसको मात्रामा थप बढ्ने देखिएको छ ।

मूर्ति निर्माणका लागि स्रोत जुटाउन जगतगुरु मोहनशरण देवाचार्य देश दौडाहामा निस्किनुभएको छ । देवाचार्यले स्थानीय र प्रदेश सरकारबाट प्रतिबद्धता अनुरुप बजेट प्राप्त नभएको बताउनुभयो । उहाँले सरकारबाट आवश्यकसहयोगप्राप्तनभएकाले स्वेदेशी तथा विदेशी दाताबाट सहयोग सङ्कलनका लागि पुनः देश दौडाहामा निस्किन लागेको बताउनुभयो ।

उहाँले यसअघि पनि मूर्ति निर्माणका लागि (२०७२ वैशाखदेखि २०७४ माघसम्म) नेपाललाई दाहिने पारेर परिक्रमा गरि २२ टनसम्म तामा, पित्तललगायतका धातु सङ्कलन गर्नुभएको थियो । "अब स्वेदेशी तथा विदेशी भक्तजनहरुसँग सहयोग माग्छु", उहाँले भन्नुभयो, "पूर्व माननीय, मन्त्री ज्यू, स्थानीय सरकारबाट सहयोग आएको थियो, अहिले प्रदेश सरकारलाई रु तीन करोड बजेट माग गरेका थियौँ, प्रतिबद्धता गरे पनि बजेट आएन् ।"

साथै उहाँले मूर्ति निर्माणका लागि दाताहरुसँग सहयोगका लागि अपिलसमेत गर्नुभएको छ । मूर्ति निर्माण कार्य राष्ट्रलाई जोड्ने अभियान भएको पनि उहाँले बताउनुभयो । नेपाल आमाको मूर्ति हेर्न नेपालभरिका मान्छे आउने र यसले धार्मिक पर्यटनको विकास गर्ने उहाँको विश्वास छ ।

मूर्ति निर्माणमा हालसम्म रु दुई करोड ७५ लाख बढी खर्च भइसकेको र रु एक करोड ठेकेदार कम्पनीलाई भुक्तानी दिन बाँकी रहेको धाम विकास समितिले जनाएको छ । भम्केनी धामलाई महाकाली तटको शारदापीठ पवित्र धार्मिकस्थलका रुपमा विकास गर्ने योजना रहेको जनाइएको छ ।रासस

## बाढीपडित भन्छन:

# राहत होइन तटबन्ध चाहियो

दोधारा चाँदनी । यहाँको दोधारा-चाँदनीका बाढीपीडितले सरकारसँग राहतको सट्टा स्थायी तटबन्धको माग गरेका छन् ।

आइतबारदेखिको भारी वर्षाका कारण आएको बाढीले यहाँको वडा नं १०, ८ र ३ मा जोगबुढा नदीको बाढी बस्ती पसेपछि १५० मानिस विस्थापित भएका थिए । विद्यालयमा बसेका विस्थापित बुधबार आएको बाढीले दोधारा-चाँदनी-३ को पटेराखल्ला, वडा नं ८ को रामपुरे टापुर जर्गा टोल तथा वडा नं १० को शान्ति टोलका ५२ परिवारसँगै सशस्त्र प्रहरीका दुई वटा बिओपीसमेत डुबानका कारण विस्थापित भएका थिए ।

"हरेक वर्ष बाढी आउँछ, सरकारले केही चामल र कपडा दिन्छ । तर अर्को वर्ष फेरि उस्तै



हालत हुन्छ", स्थानीय प्रेम रोकायाले भन्नुभयो, "अब हामीलाई राहत होइन, तटबन्ध चाहिएको छ ।" बाढीबाट विस्थापितले आज दोधारा-चाँदनी नगरपालिकामा तटबन्धको माग गर्दै धर्नासमेत दिएका छन् । नगरपालिकाका नगर प्रमुख किशोर लिम्बूले बाढीको स्थायी समाधान तटबन्ध भएको बताउँदै त्यसका लागि पालिकाले काम गरिरहेको बताउनुभयो ।

"तटबन्ध निर्माणका लागि पालिकाको बजेटले सम्भव हुँदैन हामी प्रदेश र सङ्घ सरकारको सहयोगमा तटबन्ध निमार्ण गर्ने हो", उहाँले भन्नुभयो, "गत वर्ष रु २० करोड प्राप्त भएको थियो, धेरै ठाउँमा तटबन्ध निर्माण गरिएपनि केही स्थानमा बाँकी छ ।" उहाँले तटबन्ध निर्माण बाँकी रहेका स्थानमा सङ्घ र प्रदेश सरकारसँग बजेट माग गरेको बताउनुभयो । महाकाली नदी र जोगबुढा नदीले घेरिएको दोधारा-चाँदनी नगरपालिका हरेक वर्ष बाढीबाट प्रभावित हुँदै आएको छ ।रासस

तीन दिनपछि घर फर्के पनि घरभित्र हिलाम्य हुँदा बस्नसक्ने अवस्थामा छैनन् । "एक बोरा चामल हामीलाई चाहिँदैन, बस्तीको सुरक्षाका लागि नदी किनारमा पक्की तटबन्ध बनाइदिनुपर्‍यो", दोधारा-चाँदनीका स्थानीय यमुना मगरले भन्नुभयो, "हामी हरेक वर्ष विस्थापित हुँदै आएका छौँ, पक्की तटबन्ध बनाएर बाढीबाट सधैँका लागि मुक्ति दिनुप-यो ।"

हरेक वर्ष आउने बाढीले बस्ती डुबानमा पर्दा खाद्यान्न र खेतमा लगाएको अन्नबालीमा क्षति हुने गरेको छ । स्थानीयले सरकारसँग दीर्घकालीन समाधानको माग गरेका छन् । "हामीलाई राहत चाहिँदैन सरकारसँग हाम्रो माग जोगबुढा नदीमा तटबन्ध निर्माण हो", यहाँका स्थानीय तुलसा देवी तिरुवाले भन्नुभयो, "बाढीले हाम्रा बालबालिका विद्यालय जान पाएका छैनन् घरभित्र हिलाम्य भएर बस्नसक्ने अवस्था छैन ।"

यसैसाता जोगबुढा नदीमा

# बन्दीपुरका धानबालीमा ब्लाष्ट रोग देखियो

दमौली । यहाँको बन्दीपुर गाउँपालिका-१ नाहालास्थित धानबालीमा मरुवा (ब्लाष्ट) रोग देखा परेको छ । नाहालामा लगाइएको धानबालीको अनुगमनका क्रममा उक्त रोग देखिएकाले समयमा सतर्कता अपनाउन कृषकलाई अनुरोध गरिएको छ ।

धानबालीसम्बन्धी कुनै समस्या देखा परेमा तुरुन्त कृषि प्राविधिक वा कृषि विकास शाखामा सम्पर्क गर्न कृषकलाई आग्रह गरिएको गाउँपालिकाका कृषि शाखाका प्राविधिक सहायक दिनेश सुवर्णकारले



बताउनुभयो । उहाँका अनुसार ब्लाष्ट रोग धानका बाला तथा बेर्नामा लाग्ने एक प्रकारको ढुसीजन्य रोग हो ।

धानबालीमा लाग्ने प्रमुख रोगहरू मध्यको यो एक भएको बताउँदै उहाँले भन्नुभयो, "यो रोगले ब्याडका बेर्ना मार्ने तथा धानका बालालाई सुकाउने गर्छ । जुन, सन् १९६६ मा पहिलो पटक देखिएको थियो ।" यो रोग बिउबाट पनि सर्ने भएकाले अघिल्लो वर्ष रोग देखिएका ठाउँका बिउ उपचार नगरी वा रोगी बिरुवा प्रयोग गर्दा फैलिएको हुनसक्ने उहाँको भनाइ छ ।

कृषि प्राविधिक सुवर्णकारले भन्नुभयो, "रोग लागेका धानबालीको पातमा स-साना सेतो टिका जस्तो देखिने दाग, बीचमा भएका खैरा थोप्ला देखा पर्ने तथा फलेको धानमा बाला तलतिर डाँठको वरिपरि वा आख्लामा खैरो रङको दागहरू देखिने र बाला मर्ने समस्या देखा पर्दछ । ढुसीले अनुकूल भएको समयमा विभिन्न भागमा विस्तारै गोलो, लाम्चो आँखा जस्तै आकार बनाउँछ र बीचमा खरानी रङ तथा बाहिर खैरो रङ भएका थोप्लाहरू देखा पर्दछन् ।रासस

# किरण साह ५ हजार धरोटीमा रिहा




**टुडे समाचारदाता**

वीरगञ्ज । पर्सा जिल्ला अदालतबाट किरण साह धरौटीमा रिहा भएकी छन् ।

वीरगञ्जमा बिहीबार पर्सा जिल्ला अदालतका न्यायाधीश कमलकान्त जोशीको इजलासले साहलाई ५ हजार रुपैयाँ धरौटी माग गर्दै रिहा गर्न आदेश गरेको छ ।

पाँच दिन हिरासतमा रहेकी साह धरौटी बुझाएपछि रिहा भएकी छन् । खानेपानी मन्त्री प्रदीप यादवसँगको विवादपछि उनीमाथि तीन वटा मुद्दा दर्ता भएको थियो ।

साहविरुद्ध प्रहरीले विद्युतीय कारोबार सम्बन्धी अपराध, संघीय सांसदलाई ज्यान मार्ने धम्की दिन नहुने र झुटा अफवाह फैलाएको कसुर सम्बन्धी मुद्दा दर्ता गरेको थियो । खानेपानी मन्त्री यादवसँग फोनमा चर्को शैलीमा प्रश्न गरेकी थिइन् ।

बुधबार पर्सा प्रहरीले सरकारी वकिल कार्यालय पर्सामा अनुसन्धान फाइल बुझाएपछि आज जिल्ला अदालत पर्सामा बहस भएको थियो ।

प्रहरीले गत शनिबार पक्राउ परेकी साहलाई मंगलबार दोस्रो पटक अदालतबाट तीन दिनको म्याद थप गरि अनुसन्धान गरिरहेको थियो । अनुसन्धान सकेर बुधबार प्रहरीले फाइल वकिल कार्यालयलाई बुझाएको थियो ।

वीरगञ्जमा हैजा प्रकोप फौलिएपछि हाल वीरगञ्जस्थित मुर्ली चोकमा बस्दै आएकी साहले खानेपानी मन्त्री यादवलाई फोन गरेर आक्रोशित शैलीमा प्रश्न गरेकी थिइन् । मन्त्री यादव पर्सा-१ बाट निर्वाचित सांसद पनि छन् । फाने संवादमा साहले मन्त्री यादवलाई धम्कीपूर्ण शैलीमा प्रश्न गरेकी थिइन् ।

सोही संवादलाई लिएर मन्त्री यादवको सचिवालयले दिएको उजुरीका आधारमा पर्सा प्रहरीले उनलाई गत शनिबार पक्राउ गरेको थियो । उनीविरुद्ध मन्त्रीलाई ज्यान मार्ने धम्की, झुटा अफवाह भौलाएको, विद्युतिय कारोवारसम्बन्धि अपराधमा गरी तीन वटा मुद्दा दायर गरेर अनुसन्धान गरेको थियो ।

बिहीबार मन्त्री यादवले सामाजिक सञ्जाल फेसबुकमा वीरगन्जमा हैजा र किरण साहले दिएको धम्कीबारे लामो स्टाट्स लेखेर स्पष्टीकरण दिएका थिए । उनले आफ्नो स्टाट्मा सचिवालयमार्फत प्रहरी समक्ष नरम भइदिन संदेश पठाएको पनि उल्लेख गरेका थिए ।

हैजाले प्रभावित साहलाई जनसरोकारको विषयमा चर्को स्वरमा धम्कीपूर्ण रुपमा आक्रोशसहितको प्रश्न गर्दा मन्त्री यादवले राजनीतिक पहुँच लगाएर महिलालाई प्रहरी हिरासतमा पुऱ्याएको भन्दै जनगुनासो र आक्रोश बढेको थियो ।

# राजर्षि जनक विश्वविद्यालय भवन निर्माणको प्रक्रिया शुरु

**संघीय सरकारले २०७९ सालमा राजर्षि जनक विश्वविद्यालय स्थापना गर्ने घोषणा गरेको छ । विश्वविद्यालयलाई जनकपुरधाम केन्द्र मान्दै यसले प्रदेशकै उच्च शिक्षामा नेतृत्व दिने अपेक्षा गरिएको छ ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । राजर्षि जनक विश्वविद्यालयको केन्द्रीय कार्यालय भवन निर्माण औपचारिक रूपमा शुरु भएको छ । गुठी संस्थानसंग भएको सम्झौता अनुसार नगराईन नगरपालिका-८ स्थित मनियारीमा बिहीबारदेखि जग्गा नापजाँच तथा छुट्याउने कार्य प्रारम्भ गरिएको छ ।

नेपाली कांग्रेसका स्थानीय नेता प्रवेश चौधरीको संयोजनमा सम्पन्न कार्यक्रममा मधेश प्रदेशका सांसद तथा पूर्वमन्त्री रामसरोज यादव, विश्वविद्यालयका प्रतिनिधि प्रसासन प्रमुख सन्तोष अर्याल, नगराईन नगरपालिकाका मेयर बिनय कुमार यादव, विभिन्न वडाध्यक्षहरू र स्थानीयवासीहरूको उल्लेखनीय उपस्थिति थियो ।

पूर्वमन्त्रीसमेत रहेका प्रदेश सांसद यादवले कतिपयले विश्वविद्यालय राजधानीमै हुनुपर्ने जिकिर गरेको सुनिएको जानकारी दिए । उनले मधेश प्रदेशको राजधानीको चारकिल्ला बमोजिम मनियारी क्षेत्र राजधानीकै केन्द्रमा पर्ने भएकाले अब अनावश्यक विवाद नगरी सहयोगमा जोड दिनुपर्ने बताए ।

राजर्षि जनक विश्वविद्यालय स्थापना गर्ने माग विगत लामो समयदेखि उठ्दै आएको थियो । मधेश प्रदेशमा बढ्दो



जनसंख्या, शिक्षा क्षेत्रमा देखिएको अव्यवस्था तथा विश्वविद्यालयको अभावका कारण विद्यार्थीहरू अन्यत्र जान बाध्य हुने अवस्था थियो ।

संघीय सरकारले २०७९ सालमा राजर्षि जनक विश्वविद्यालय स्थापना गर्ने घोषणा गरेको छ । विश्वविद्यालयलाई जनकपुरधाम केन्द्र मान्दै यसले प्रदेशकै उच्च शिक्षामा नेतृत्व दिने अपेक्षा गरिएको छ ।

राजर्षि जनक विश्वविद्यालयको भवन निर्माण प्रक्रिया शुरु भएसँगै मधेश प्रदेशमा शैक्षिक पूर्वाधार मजबुत हुने छ ।

# आज सार्वजनिक विदा




**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले मोहम्मद जयन्तीको अवसरमा शुक्रबार सार्वजनिक विदा दिएको छ । बिहीबार मधेश प्रदेश सरकारको गृह, सञ्चार तथा कानुन मन्त्रालयले एक सूचनामार्फत शुक्रबार मुस्लिम धर्मावलम्बीहरुले मनाउने पर्व मोहम्मद जयन्तीको अवसरमा प्रदेशभर सार्वजनिक विदा दिने निर्णय गरेको छ ।

मन्त्रालयले जारी गरेको सूचनामा भनिएको छ, "मधेश प्रदेश सरकारद्वारा २०८१ चैत २२ गतेको मधेश राजपत्रमा प्रकाशित २०८२ सालमा दिइने थप विदासम्बन्धी सूचनाअनुसार भदौ २० गते शुक्रबार मोहम्मद जयन्तीको दिन सार्वजनिक विदा दिने निर्णय भएको हो ।"

यसअघि नै प्रदेश सरकारले २०८२ सालका लागि सार्वजनिक बिदासूची प्रकाशित गरेको भए पनि थप विशेष अवसरका लागि विदा दिने व्यवस्था गरेको छ ।

# मरेको छेपारो खुवाउँदा दर्जनौं विद्यार्थी सिकिस्त

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा महोत्तरीको सीमवर्ती क्षेत्र अवस्थित एक समुदायिक बिद्यालयमा विद्यार्थीलाई खाजामा मरेको छेपारो मिसाएर खुवाउदा दर्जनौ विद्यार्थीको स्वास्थ्य अवस्था सिकिस्त भएका छन् ।

महोत्तरीको पिपरा गाउँपालिका वडा नम्बर ६ स्थित आदर्श मा.वि.रतौलीमा विद्यार्थीलाई दिइएको दिवा खाजा हलुवामा मरेको छेपारो फेला परेको छ । हलुवा खाएर दर्जनौं विद्यार्थी अस्पताल भर्ना भएका छन् भने उनीहरुको उपचार जनकपुरधामस्थित प्रादेशिक अस्पतालमा भइरहेको छ ।

सो विद्यालयमा बिहीबार दिउँसोतर्फ दिवा खाजा खुवाउने क्रममा विद्यार्थीहरुलाई दिइएको सुजीको हलुवामा मरेको छेपोरो



भेटिएपछि विद्यार्थीहरुले विद्यालयका शिक्षक/कर्मचारी तथा अभिभावकलाई जानकारी गराएका थिए । त्यसपछि केही अभिभावक विद्यालय पुगेर प्रधानाध्यापक दिनेश दासमाथि आक्रोश पोख्नुका साथै हातपातसमेत गरेका थिए । बालबालिकाको भविष्यको साथ खेलवाड गरेको भन्दै उनीहरुले विद्यालयमा सामान्य तोडफोड पनि गरेका छन् । स्थिती तनावग्रस्त बनेपछि इलाका प्रहरी कार्यालय पिपराका प्रहरी आएर नियन्त्रणमा लिने प्रयास गरिरहेका छन् । स्थिती अहिले पनि पूर्ण रुपमा सामान्य बन्न सकेको छैन ।

अभिभावकहरुले विद्यार्थीहरुको जीवनसंगै खेलवाड भएको आरोप लगाएका छन् । उनीहरुले प्रधानाध्यापनसहित विद्यायल समितिलाई कारवाही गर्नु पर्ने मागसहित विद्यालय प्राङ्गन भित्रै विरोध गरिरहेका छन् ।

प्रादेशिक अस्पताल जनकपुरमा करिब एक सयभन्दा बढी विद्यार्थीको उपचार भइरहेको जनाइएको छ ।

# सामाजिक सञ्जाललाई बन्द गर्न दूरसञ्चार प्राधिकरणको निर्देशन




**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल दूरसञ्चार प्राधिकरणले २६ वटा सामाजिक सञ्जाल प्लेटफर्मलाई बन्द गर्न इन्टरनेट सेवा प्रदायक संघलाई निर्देशन दिएको छ ।

प्राधिकरणले बिहीबार विज्ञप्ति जारी गर्दै सबै इन्टरनेट सेवा प्रदायकहरूलाई २६ वटा समाजिक सञ्जाललाई बन्द गर्न निर्देशन दिएको छ ।

सर्वोच्च अदालतको आदेश, नेपाल सरकार मन्त्रीपरिषदको भदौं ५ गतेको निर्णय, बिहीबार बसेको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको बसेको मन्त्रीस्तरीय निर्णय र सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिक, २०८० बमोजिम प्राधिकरणले सबै इन्टरनेट सेवा प्रदायकहरूलाई २६ वटा समाजिक सञ्जाललाई बन्द गर्न निर्देशन दिएको छ ।

प्राधिकरणले जारी गरेको विज्ञप्तिमा भनिएको छ, ' सञ्चार तथा सुचना प्रविधि मन्त्रालयको मिति २०८२/०५/१९ को मन्त्रीस्तरीय बैठकको निर्णय तथा सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिक, २०८० बमोजिम नेपालमा सूचीकरण नभई नेपालभित्र सञ्चालनमा रहेका सामाजिक सञ्जाल प्लेटफर्महरूलाई नेपालमा निस्क्रिय गराउने व्यवस्थाका लागि निर्णयानुसार जानकारी गराइएको छ ।

प्राधिकरणले सामाजिक सञ्जालहरू फेसबुक, फेसबुक, फेसबुक मेसेन्जर, इन्स्टाग्राम, युट्युब, ह्वाट्सएप, एक्स(ट्विटर), लिंक्डइन, स्न्यापच्याट, रेडिट,डिसकोर्ड, पिन्टेरेस्ट, सिग्नल, थ्रेड्स, वीच्याट, क्वोरा,टम्बलर, क्लबहाउस, मास्टोडन, रुम्बल, मीवी, भीके, लाइन, इमो, जालो, सोल र हाम्रो पात्रोलाई बन्द गर्न आइएसपीहरूलाई निर्देशन दिएको छ ।

# 'प्रशासन कार्यालयलाई विचौलियामुक्त बनाइने'



**टुडे समाचारदाता**

लहान । सिरहाका प्रमुख जिल्ला अधिकारी (प्रजिअ) वसन्त अधिकारीले जिल्ला प्रशासन कार्यालयलाई पूर्णरूपमा विचौलियामुक्त बनाइने प्रतिबद्धता व्यक्त गरेका छन् ।

सिरहामा बुधबार प्रमुख जिल्ला अधिकारी अधिकारीले सेवा प्रवाहमा सहजता, पारदर्शिता र उत्तरदायित्व कायम गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले पदभार ग्रहण गरेसँगै सेवा प्रवाहमा गुणात्मक सुधार ल्याउने पहल आफ्नो पहिलो प्राथमिकता हुने स्पष्ट पारे ।

प्रजिअ अधिकारीले जनाए अनुसार, जनताले प्रत्यक्ष रूपमा सेवा लिने प्रशासनिक कार्यालयलाई विश्वसनीय र जनमैत्री बनाउनु अहिलेको मुख्य आवश्यकता हो। "जिल्ला प्रशासन कार्यालय नागरिकका लागि सबैभन्दा नजिकको सरकारी निकाय हो। यसले पारदर्शी, प्रभावकारी र जनमुखी सेवा दिन नसक्दा जनविश्वास खस्किएको छ," उनले भने, "त्यसैले यो कार्यालयलाई पहिलो चरणमा विचौलियामुक्त बनाउनेछु ।"

उनले जिल्लामा रहेका अन्य सेवा प्रदायक सरकारी कार्यालयहरूलाई समेत जिम्मेवार र जवाफदेही बनाउने योजना रहेको बताए। राजनीतिक दलका प्रतिनिधिहरू, सुरक्षा निकायका प्रमुखहरू तथा सरोकारवाला निकायसँग प्रारम्भिक छलफल समेत भइसकेको अधिकारीले बताए ।

उनले सीमावर्ती जिल्ला भएको नाताले सिरहाको सीमाक्षेत्रलाई पर्यटकीय दृष्टिले विकास गर्ने, हरियाली प्रवर्द्धन गर्ने र सीमा सुरक्षामा ध्यान दिने विषयमा पनि उनले विशेष पहल गर्ने बताए ।

प्रजिअ अधिकारीले गरेको यस खालको घोषणाले जिल्ला प्रशासनमा सुधारको अपेक्षा गरिएको छ ।

# जीतपुर गौशाला प्रकरणमा क्षतिपूर्ति माग खारेज


**रञ्जन यादव**

बारा । बाराको जीतपुर गौशालामा डोजर लगाएर संरचना भत्काएको विषयमा क्षतिपूर्ति माग्दै दायर गरिएको मुद्दामा जिल्ला अदालत बाराले माग दाबी नपुग्ने फैसला गरेको छ ।

वीरेन्द्र संघाईले जीतपुरसिमरा उपमहानगरपालिका-७ स्थित सार्वजनिक जग्गा भत्काएको भन्दै नगरप्रमुख राजन पौडेल, वडा नं. ७ का अध्यक्ष सुनिल गुप्ता र तत्कालीन प्रमुख प्रशासकीय अधिकृत हरिलाल पुरीविरुद्ध व्यक्तिगत तवरले क्षतिपूर्ति माग दाबी गर्दै मुद्दा दायर गरेका थिए। तर, जिल्ला अदालतका न्यायाधीश अञ्जनराय सापकोटाको इजलासले सो दाबी खारेज गरेको हो। मामिलामा उपमहानगरपालिकातर्फ अधिवक्ता विद्या कटुवाल र संघाईतर्फ अधिवक्ता बालमुकुन्द खरेलले बहस गरेका थिए ।

यसअघि सर्वोच्च अदालतले २०७९ साल जेठ २३ गते 'बिरगंज जीतपुर गौशाला' नामक गैरसरकारी संस्था वा व्यक्तिको नाममा जग्गा नहुने निर्णय गर्दै उक्त जग्गालाई सार्वजनिक कायम गरेको थियो ।

सोही फैसलाको आधारमा उपमहानगरपालिकाका नगरप्रमुख राजन पौडेलले गौशालामा रहेका अनधिकृत संरचना डोजर लगाएर भत्काएका थिए । उपमहानगरपालिकाको सातौं नगरसभाले पनि सार्वजनिक जग्गामा भएका सबै प्रकारका अतिक्रमण हटाउने निर्णय गरेको थियो । त्यसकै कार्यान्वयन स्वरूप करिब १ बिघा सार्वजनिक जग्गामा २८ वर्षदेखि अवैध रूपमा बनेका १५ वटा सटर, होटल र अन्य कच्ची संरचना भत्काईएको थियो ।







जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८